# पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

७० पूर्णाङ्क

संशोधन-मण्डल

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलोकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।

—बापूदेव शास्त्री

[*धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलाइदिनुहोला ।*]

# पूर्णिमा

(इतिहास–प्रधान त्रैमासिक पत्रिका)

१८ वर्ष | २ अङ्क

सम्पादक–
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक–
देवीप्रसाद भण्डारी

यस अङ्कको मूल्य रु. १८।–

# विषयसूची


१. सत्रौँ वर्षको आम्दानीखर्चको विवरण

२. भरखरै स्वर्ग गएका हाम्रा सहयोगी रामजी तेवारी —नयराज पन्त १–६

३. स्वर्गवासी रामजी तेवारीको सङ्ग्रहमा रहेका अप्रकाशित पत्र ६–२९

(१) वि. सं. १९०२ आश्विनवदि ७ रोज २ को दिन गोरखपुरबाट लेखिएको पत्रको मसौदा ६–७

(२) जनरल गगनसिंह र अभिमानसिंह रानालाई सरदार भवानीसिंह खत्रीले बनारसबाट वि. सं. १९०२ कार्तिकशुदि १३ रोज ४ को दिन लेखेको पत्र ७

(३) प्राइममिनिष्टर जङ्गबहादुर कुँवर राणाजीलाई कप्तान महारुद्र खत्रीले हेटौँडाबाट वि. सं. १९०६ पौषवदि ३० रोज ५ मा लेखेको पत्र ७–८

(४) कम्यान्डर-इन–चीफ बमबहादुर कुँवर राणाजीलाई कुलमानसिंह बस्न्यातले सिलगढीबाट वि. सं. १९०७ चैत्रवदि ३० रोज ३ को दिन लेखेको पत्र ८–९

(५) प्राइममिनिष्टर जङ्गबहादुर कुँवर राणाजीलाई ज. जयनरसिंह कुँवर राणाजी र ज. बद्रीनरसिंह कुँवर राणाजीले प्रयागबाट वि. सं. १९१० ज्येष्ठवदि ४ रोज ५ को दिन लेखेको अर्जी ९–१०

(६) काहिँला साहेबज्यू वीरेन्द्रविक्रम शाहलाई प्राइममिनिष्टर जङ्गबहादुर कुँवर राणाजीले वि. सं. १९१२ कार्तिकवदि ६ रोज ४ को दिन लेखेको पत्रको मसौदा ११

(७) प्राइममिनिष्टर जङ्गबहादुर कुँवर राणाजीले कप्तान दलबहादुर थापालाई वि. सं. १९१२ कार्तिकवदि ६ रोज ४ को दिन लेखेको पुर्जी ११–१२

(८) भोजपुरे अयोध्या मिश्रको भनाइ १२–१३

(९) श्री ३ महाराज जङ्गबहादुर कुँवर राणाजीलाई वि. सं. १९१५ ज्येष्ठवदि १३ को दिन लेखिएको पत्र १३–१४

(१०) श्री ३ जङ्गबहादुर कुँवर राणाजीलाई राजा शिवराजसिंहले वि. सं. १९१८ वैशाखमा लेखेको पत्र १४–१५

(११) श्री ३ जङ्गबहादुर कुँवर राणाजीलाई राजा राजेन्द्रकिशोरसिंहले वि. सं. १९१९ भाद्रवदि १३ को दिन लेखेको पत्र १५–१६

(१२) श्री ३ महाराज जङ्गबहादुर कुँवर राणाजीले रामविक्रम थापा र यज्ञविक्रम थापालाई वि. सं. १९२७ कार्तिकवदिमा लेखेको पत्रको नकल १६–१७

(१३) लेफटेन चतुर्मानसिंहले बरेवाबाट वि. सं. १९२७ मार्गशुदि २ रोज ६ को दिन पठाएको अर्जी १७–१८

(१४) प्रचण्डजङ्गको वि. सं. १९५५ भाद्रशुदि ५ रोज २ को अर्जी १८–१९

(१५) गुरुराज तर्कराज पण्डितज्यूले वि. सं. १९५५ द्वितीय आश्विनवदिमा चढाएको बिन्तीपत्र १९–२०

(१६) ज. डम्बरशमशेर जङ्ग राणा बहादुरले वकील कम्यान्डर कर्णेल बहादुर जङ्ग राणालाई वि. सं. १९६३ भाद्र २६ गते सोमवारको दिन लेखेको पत्र २०–२१
(१७) काशीदत्त पण्डितको अर्जी २२–२३
(१८) मखनटोलपाठशालाको नियम २३–२५
(१९) मूँगाबाईले पठाएको अर्जी २५
(२०) अङ्ग्रेजको मदतको लागि गएको नेपाली फौजका अफिसरको अर्जी २६–२७
(२१) श्री ३ महाराज जङ्गबहादुर कुँवर राणाजीलाई भीमप्रकाश शाहीले लेखेको अर्जी २७–२९

४. यति गरिदिनुभएकोमा श्रीशरद्चन्द्र शर्मा भट्टराईजीलाई धन्यवाद छ –नयराज पन्त २९–३०
५. विजयपुरका राजा महीपति सेनले भक्तपुरका राजा भूपतीन्द्र मल्ललाई लेखेको अप्रकाशित पत्र –दिनेशराज पन्त ३०–३१
६. श्री ५ राजेन्द्रकी कान्छी रानीसम्बन्धी अप्रकाशित छवटा पत्र –दिनेशराज पन्त ३१–३७
७. श्री ३ जङ्गबहादुरले कप्तान महारुद्र खत्रीलाई लेखेको अप्रकाशित पत्र –दिनेशराज पन्त ३७–३८
८. सन्तान्नब्बेसालपर्वमा परेका मानिसको अप्रकाशित लगत –दिनेशराज पन्त ३८–४०

## शुद्धि-पत्र

| पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध | पृष्ठ | पङ्क्ति | अशुद्ध | शुद्ध |
|---|---|---|---|---|---|---|---|
| ३ | ८ | विदा | बिदा | २० | ७ | डंडस्मेत | डंडस्मेत् |
| ३ | १८ | विदा | बिदा | २० | ३२ | श्रासीष् | आसीष् |
| ७ | २४ | त | ता | २२ | ३२ | शुरूमै | शुरूशुरूमै |
| ९ | १ | थ | गाथ | २५ | ४ | हरि | हरि- |
| ९ | ४ | चौधरी | चौधरि | २५ | १९ | सूर्यनारायनसिंहको | सूर्य्यनारायनसिंहको |
| ११ | १० | घुंडिवाल | घुं डिवाल | २५ | २० | करैं | करैं |
| १२ | २६ | मलाई | मलाइ | २६ | ३३ | भंन्दा | भंदा |
| १३ | ३१ | श्रावण | श्रवण | २७ | २४ | शाहींले | शाहीले |
| १४ | १ | जंगबाहादुर | जंगबाहादर | २८ | २९ | गन्याछन | गन्याछन् |
| १४ | १९ | शुभम् | शुभ्‌म् | २८ | ३५ | भनेलौ | भने लौ |
| १४ | २२ | शिवराजसिंहले | शिवराजसिंहले | ३० | १९ | ।।इतोः।। | ।।ःइतोः।। |
| १४ | ३३ | रातदिनभग वान्से | रातदिन भगवान्से | ३१ | ३ | हमारो | हमरो |
| १७ | २० | दि८ | दि ८ | ३२ | २८ | साहैबज्यूके | साहेबज्यूके |
| १८ | २९ | बालष | बालष् | | | | |

# सत्रौँ वर्षको आम्दानीखर्चको विवरण

| | | |
|---|---|---|
| आम्दानी | | ११११४४।०४ |
| | संशोधन-मण्डललाई सालबसाली रु. १०००।- अर्थसहायता दिने श्री ५ को सरकार मन्त्रिपरिषत्सचिवालयको वि. सं. २०३७।१२।१२ को निर्णयअनुसार श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालयबाट आएको | १०००। |
| | साझाप्रकाशनमार्फत पूर्णिमा, अभिलेखसङ्ग्रह, विद्या-रक्षा, बुद्धिविनोद-प्रश्नावली र त्यसको उत्तर, श्री ३ महाराज पद्मशमशेरको कुरा बिक्री भई आएको | ३२१७।५० |
| | पूर्णिमाको बिक्रीबाट | ४१०३।५८ |
| | श्री ३ महाराज पद्मशमशेरको कुराको बिक्रीबाट | ३३। |
| | बुद्धिविनोदप्रश्नावली र त्यसको उत्तरको बिक्रीबाट | ४। |
| | नेपालसंवत्को राष्ट्रिय मान्यताको अनौचित्यको बिक्रीबाट | ५६।२५ |
| | इतिहास-संशोधनको बिक्रीबाट | ३७।५० |
| | वृत्तशतकको बिक्रीबाट | ४।५० |
| | रत्नदीपको बिक्रीबाट | १।८८ |
| | सावधान-पत्रको बिक्रीबाट | १८।७५ |
| | विद्या-रक्षाको बिक्रीबाट | १५। |
| | पञ्चाङ्ग-संशोधनको बिक्रीबाट | ११।२५ |
| | महेशराज पन्तबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | १७५०। |
| | महेशराज पन्तको अन् स्यान्स्क्रिट् एड्युकेशन्को बिक्रीबाट | ६१।२५ |
| | महेशराज पन्तको ह्वट् डिड् अंशुवर्मन् राइट् ? को बिक्रीबाट | ८६। |
| | महेशराज पन्तको इनेप्ट् स्पेस्इमिन् ? को बिक्रीबाट | १५। |
| | दिनेशराज पन्तबाट संशोधन-मण्डलले पाएको अर्थसहायता | ३००। |
| | बचतखाताको ब्याज | १६७।८६ |
| | पोहोरको बाँकी (पूर्णिमा ६५ अङ्कमा प्रकाशित) | ८२६०।७२ |
| खर्च | | ११२३८।६३ |
| | पूर्णिमा ६५ अङ्कमा | ३०७०।५० |
| | पूर्णिमा ६६ अङ्कमा | २२४०। |
| | पूर्णिमा ६७ अङ्कमा | २६६५। |
| | पूर्णिमा ६८ अङ्कमा | ३१७०।३८ |
| | अरू | ९२।७५ |
| बाँकी | | ७९०५।४१ |

# भरखरै स्वर्ग गएका हाम्रा सहयोगी रामजी तेवारी*

—नयराज पन्त

कौशिकगोत्रका तेवारी ब्राह्मण कान्तनिधि[1] र भुवनप्रियाको छोरो भई वि. सं. १९७३ मार्गशुक्लषष्ठी मार्ग १६ गते बृहस्पतिवारको दिन काठमाडौँ बालुवाटारमा रामजीको जन्म भएको हो ।

कान्तनिधिले विशेष पढ्नुभएको थिएन । गुरुपुरोहित विक्रमराज पण्डितज्यू (स्वर्गवासी मूलपुरोहित सिंहराज पाँडेका पिता) को आश्रयमा उहाँ हुनुहुन्थ्यो । रामजीको जन्म भएको ३ वर्ष जतिपछि एउटी बहिनी जन्मिन् ।[2] रामजी ३ वर्ष चानचुनका हुँदा उनका पिता कान्तनिधिको स्वर्गवास भयो । पितृविहीन बालक रामजी, मातामह पं. भुवननाथ पाँडेको आश्रयमा रहन लागे । बर्खी नफुकेसम्म विधवा छोरीले माइत आउन नहुने हुँदा रामजी मात्र माबली आए । ठूली आमा (नयराजकी आमा) बाट उनको स्याहार भयो । बर्खीपछि रामजीकी आमा पनि काखकी छोरी लिई माइतमा बस्न लाग्नुभयो ।

## नामकरण

कान्छी (बहिनी)[रामजीकी आमा]— नाम पनि कस्तो राखिदिएको, खोजीनिधि रे । खोजीनिधि भन्दा त खोजीनिती भनी अर्काका कुरा खोजीनिती गरेर हिँड्ने भन्ने पो हुन्छ । कस्तो नराम्रो नाम ।

ठूलिददी [नयराजकी आमा]— पैसा कमायो भने सबैले हजुर हजुर गरिहाल्छन् । पैसा कमाउन सकेन भने जस्तोसुकै नाम राखेको भए पनि कसैले टेर्दैन । नामले के गर्छ ।

मैले सानीआमा र आमाको यो संवाद सानैमा सुनेथेँ । त्यस बेला मेरो उमेर कति थियो, यो कुरो हुँदा त्यहाँ अरू को को थिए इत्यादि कुराको मलाई अहिले केही सम्झना छैन । रामजी भन्ने नाम कसले राख्यो, यो कुरो पनि मलाई थाहा छैन । श्रवणनक्षत्रको चौथो पाउ परेकोले न्वारनको नाउँ खोजीनिधि हो, पछि रामजी भन्ने नाम रह्यो, यति कुरोचाहिँ मलाई राम्रो थाहा छ ।

---

* यो निबन्ध वि. सं. २०४० भाद्रमा रामजी तेवारीको स्वर्गवास भएको लगत्तै लेखिएको हो ।

१. तेजनिधिका जेठी ब्राह्मणीपट्टिका सन्तान कान्तनिधिहरू हुनुहुन्थ्यो, कान्छी ब्राह्मणीपट्टिका सन्तान पं. लोचननिधिहरू हुनुहुन्छ ।

२. पं. राधानाथ लोहनीकी कान्छी ब्राह्मणी यिनी भइन् । यी दम्पतीका पुत्र पं. दामोदरनाथ लोहनी हुन् ।

## तीर्थाटन

बीस वर्षकी आफ्नी सहोदरा बहिनी विधवा हुँदा साान्दिदी (माहिली दिदी) ले स्नेहले रामजी र रामजीकी आमालाई आफूकहाँ बोलाएर २ वर्ष जति राख्नुभएको थियो । त्यस वेला आफना पति सुब्बा गणेशप्रसाद पन्तसँग उहाँ केही वर्ष नयाँ मुलुक (बाँके) मा र केही वर्ष जलेश्वरमा बस्नुभएको थियो । डेढ दुई वर्ष जतिको तराई प्रदेशको यस बसाइमा रामजीले आफ्नी आमासँग काशी प्रयाग आदि तीर्थको दर्शन पनि गरे ।

## व्रतबन्ध

मातामहले ८, ९ वर्षका रामजीको व्रतबन्ध गरी आफैँले मन्त्र सुनाइदिनुभयो ।

## शिक्षा

कुमारीचोकपाठशालामा पं. कविराज पाँडे [पं. गोपाल पाँडेका जेठा नाति] अध्यापक हुनुहुन्थ्यो । त्यहीँ रामजीले *अमरकोष* पढे वा अक्षर चिने । मामा मेरुनाथ पाँडे स्रेस्तापाठशालामा अध्यापक हुनुहुन्थ्यो । त्यही पाठशालामा पढी रामजीले ७ पास दिए । मातामहले आफना प्रपितामह लक्ष्मीपति पाँडेले बनाएको *बुद्धिविलासिनी*नामक बालोपयोगी ज्यौतिष ग्रन्थ पहिले रामजीलाई पढाउनुभयो । त्यसपछि आफना भतिजा त्रिपुरनाथ र रामजीलाई सँगसँगै (दुवैको जन्म एकै वर्ष भएको थियो ।) उहाँले *मुहूर्तचिन्तामणि, सिद्धान्तसारणी, रामविनोदसारणी* पढाई पात्रो गन्न सिकाइदिनुभयो । रामजीले वि. सं. १९९२ तिरको पात्रो गनेका पनि थिए ।

रामजीले जुन विद्याले नौसिन्दादेखि नायबसुब्बासम्मको पद पाए, सो विद्या उनले मबाट पाएका होइनन् । ज्यौतिषविद्या पनि उनले मातामहबाट पाएका हुन् । मेरो संगतले रामजीले ज्यौतिषको ज्ञान केही बढाए । *ज्योतिर्गणित*बाट सूर्य चन्द्र ग्रहण गन्न उनी सक्तथे । उनले यो ज्ञान मबाट पाएका हुन् । संस्कृतको अलिकता ज्ञान पनि उनले मबाट लिए । घरगृहस्थीमा गर्नुपर्ने पूजाआजा उनी शुद्ध संकल्प पढी गराउन सक्तथे । प्राचीनलिपिको ज्ञान उनले मबाट पाएको भए तापनि फलानो ठाउँमा फलानोको यति संवत्को शिलालेख छ भन्ने कुरो मलाईभन्दा उनलाई बढ्ता थाहा थियो ।

## जागीर

रामजीले अड्डामा जागीर खाए । देवानी अदालत, रकम बन्दोबस्त अड्डा, भन्सार तथा अन्तःशुल्कविभाग, काठमाडौँ गोश्वारा भन्सार, शिक्षामन्त्रालय शिक्षाविभाग प्रशासनशाखा, शिक्षामन्त्रालय शिक्षाविभाग छात्रवृत्तिशाखा, शिक्षामन्त्रालय शिक्षाविभाग प्रौढशाखा, शिक्षामन्त्रालय पाठ्यक्रमविकासकेन्द्रमा नौसिन्दादेखि क्रमैसँग उन्नति गर्दै कायम मुकायम नायबसुब्बासम्म उनी भए । वि. सं. २०३३ मा साठी वर्ष पुगेपछि उनले अवकाश पाए । उनी मासिक २०८। रु. निवृत्तिभरण पाउँथे । श्रीकमल दीक्षितको अनुग्रहले उनले मदनपुरस्कारपुस्तकालयमा वि. सं. २०३४ देखि अन्त्यकालसम्म काम गरे । त्यहाँ उनको मासिक वृत्ति २५०। रु. देखि शुरू भई ३००। रु. सम्म पुगेको थियो ।[३]

---

३. रामजीको स्वर्गवास वि. सं. २०४० भाद्र २२ गते भयो । भाद्र ३० गते मदनपुरस्कारपुस्तकालयका कर्मचारी श्रीगजेन्द्र रेग्मीले भाद्र महिनाको तलब ३००।- र सहयोग ५००।- भनी श्रीकमल दीक्षितले पठाइदिनुभएको जम्मा रु. ८००।- मेरो हातमा दिनुभयो ।

## स्वाध्याय

म स्वाध्यायमा विश्वास राख्दछु। यही सिद्धान्तमा संशोधन-मण्डल चलाउने मेरो विचार छ। यही सिद्धान्तले मलाई धेरैको अप्रिय पनि बनाइदिएको छ। म अहिले पूरा ७० वर्ष भइसकें। तैपनि २ घण्टाभन्दा कम समयसम्म मैले स्वाध्याय गरेको दिन हुँदैन भने पनि हुन्छ।

नयराज पन्त ७० वर्ष

प्रतिदिन कमसेकम २ घण्टासम्म स्वाध्याय गर्ने।

रामजी तेवारी ६७ वर्ष

बिदा र विशेष काम परेको दिनबाहेक अरू दिनमा बिहान ६ बजे उनी मेरो कोठामा आउँथे। सवा सातसम्म आफ्नो पाठ उध्रने, आफ्नी छोरी सरितालाई पढाउने, *पूर्णिमा*को प्रूफ आएको भए दिनेशराजसँग मिली सो प्रूफ हेर्ने उनी गर्थे। *रत्नदीप* अथवा *ज्योतिर्गणित*को आफूले पढेको पाठ सवा सातदेखि साढे सातसम्म (१५ मिनेटसम्म) उनी मलाई सुनाउँथे। यसपछि उनी मेरो कोठाबाट बाहिर निस्कन्थे।

देवीप्रसाद भण्डारी ६४ वर्ष

*सिद्धान्तशिरोमणि*को आफूले पढेको पाठ प्रतिसप्ताह १ दिन मेरो घर आई आधा घण्टासम्म सुनाउने।

भोलानाथ पौडेल ६२ वर्ष

परेवा परेको र विशेष काम परेको दिनबाहेक प्रतिशनिवार मेरो घर आई *अष्टाध्यायी* ४ अध्याय उध्रने। यति गर्न २,३ घण्टाको समय लाग्छ।

दिनेशराज पन्त ३४ वर्ष

बिदा र विशेष काम परेको दिनबाहेक अरू दिनमा बिहान साढे ६ बजे मेरो कोठामा आउने, *अष्टाध्यायी*को आफूले पढेको पाठ आधा घण्टासम्म सुनाउने। बाँकी डेढ घण्टाको समयमा आफैं पढ्ने, लेख तयार गर्ने, प्रूफ आएको भए सो हेर्ने। अष्टमी परेवा परेको दिन र विशेष काम परेको दिनबाहेक प्रतिशनिवार मेरो कोठामा आई *अष्टाध्यायी*का ४ अध्याय उध्रने।

वि. सं. २०४० वैशाख ७ गते महेशराज पन्त (३९ वर्ष) पश्चिम जर्मनीको कील गएका थिए। उनी आश्विन ९ गते काठमाडौं आए। रामजीको स्वर्गवास हुने ताका उनी यहाँ थिएनन्। यहाँ हुँदा बिदा र विशेष काम परेको दिनबाहेक बिहान सात बजे मेरो कोठामा उनी आउँछन्। आधा घण्टासम्म *अष्टाध्यायी*को पाठ सुनाउँछन्। बाँकी समय (९ बजेसम्म) पढेको उध्रने, लेख तयार गर्ने र प्रूफ हेर्ने कामहरू गर्छन्।

## रामजीको विद्याभ्यास

मातामहले रामजीलाई पात्रो गन्न सिकाइदिनुभएको थियो, रामजीले पनि पात्रो गनेका थिए भन्ने कुरो माथि परिसकेको छ। प्रतिवर्ष पञ्चाङ्गसंशोधन गर्नुपर्ने हुनाले रामजीले गनेको पात्रोबाट केही काम होला भन्ने मातामहले सम्झनुभएको रहेछ। रामजीले गनेको पात्रोमा धेरै अशुद्धि उहाँले भेट्टाउनुभएछ र रामजी त अशुद्ध गर्दो रहेछ भनी उहाँले भन्नुभयो। रामजीले मातामहबाट *मुहूर्तचिन्तामणि*हरू पढेका थिए तापनि ती ग्रन्थ उनलाई उपस्थित थिएनन्, मैले रामजीलाई ती ग्रन्थ उपस्थित गर्न प्रेरणा दिँदा यो रामजी पढ्दैन, सित्तैमा तँलाई पनि उसलाई पनि दुःख, तँ जस्तो रोगी रामजी छैन, बलियो छ, जे गरेर पनि खान्छ; यसलाई पढ् भनेर पिरोल्ने काम नगर् भनी मातामहले मलाई भन्नुभयो। मैले चाहिँ रामजी पढून् भन्ने कामना छोड्न सकिनँ।

वि. सं. १९९६ मा नाकबाट रगतको धारा बगी मातामह मूर्च्छा पर्नुभयो । कबिराज मुक्तिनाथ ढुङ्गेललाई मामाले बोलाएर ल्याउनुभयो र उनै कविराजको ओखतीले मातामह केही दिनपछि स्वस्थ हुनुभयो । तर ७६ वर्ष पुगिसक्नुभएकोले पहिलेको जस्तो शक्ति रहेन । अब काम गर्न गाह्रो हुँदै गयो । ज्यौतिषविषयका गर्नुपर्ने काम मैले सह्यालिदिए हुन्थ्यो भन्ने उहाँको इच्छा भयो । मेरो पनि काम गर्ने इच्छा थियो, तर मैले रामजीलाई अघि सारी आफू पछि बसी काम गर्न लागें । यो कुरो मातामहलाई मन परेन । मेरी जेठी छोरीको टिप्पन बनाउन रामजीलाई मैले भनें, उनले बनाइदिए । मातामहले सो टिप्पन हेर्नुभएछ, रामजी यस्तो अशुद्ध गर्छ, तँ रामजीलाई अघि सारेर काम गर्छु भन्छस् भनी मलाई झपारी घरभरि यो कुरो प्रचार गरिदिनुभयो ।

कलिङ्गा ऽङ्गगजाः श्रेष्ठाः प्राच्याश् चेदिकरूषजाः ।
दाशार्णाश् चापरान्ताश् च द्विपानां मध्यमा मताः ।।
सौराष्ट्रकाः पाञ्चनदास् तेषां प्रत्यवराः स्मृताः ।
सर्वेषां कर्मणा वीर्यं जवस् तेजश् च वर्धते ।।

(*कौटलीय अर्थशास्त्र* २ अधिकरण २ अध्याय १५–१६ श्लोक)

[कलिङ्ग, अङ्गका र पुर्विया हात्ती उत्तम हुन्छन् । चेदि, करूष, दशार्ण तथा अपरान्तका हात्ती मझौला हुन्छन् । सौराष्ट्र र पञ्चनदका हात्ती घटिया हुन्छन् । तालीम दिँदै गए सबै हात्तीको बल, गति र फूर्ति पनि बढ्छ ।]

कौटल्यको यस उक्तिको प्रभाव मेरो मनमा परेकोले अहिले अशुद्धि गरे पनि केही दिनमा रामजी जान्ने हुन्छन्, पहिले जान्ने भएर त को जन्मन्छ भनी रामजीलाई अघि सार्ने काममा म लागिरहें । मेरो यो काम मातामहलाई पटक्कै मन परेन ।

वि. सं. २००० को पौषमा मातामहको स्वर्गवास भयो । वि. सं. २००१ तिरको कुरो हो, बाटामा घण्टाघरनेर ठाहिँला कर्णेल साहेब (कम्याण्डिङ कर्णेल डम्बरशम्शेर थापा) सँग मेरो भेट भयो । घोडामा बिस्तारै उहाँ आइरहनुभएको थियो । मैले स्वस्ति गरें । पात्नीको साइत किन त्यस्तो अशुद्ध दिएको भनी उहाँले मलाई झपार्नु- भयो । त्यो साइत दिएको मलाई थाहा थिएन । भाइले दिएको होला भनी मैले भनें । भाइले दिएको हो भनी अक्षरबाटै मैले थाहा पाएँ, अब त्यसो नगर्नू भनी कर्णेल साहेब जानुभयो । मैले घरमा आएर रामजीसँग यो कुरा गरें, रामजीले आफ्नो पक्षको समर्थन गर्न सकेनन् ।

कर्णेल साहेबको चरित्रको विषयमा पनि अलिकता कुरा गर्नु प्रसङ्गबाहिरको नहोला जस्तो मलाई लाग्छ । मेरो १५,१६ वर्षको उमेर हुँदो हो । कर्णेल साहेबकहाँबाट मातामहलाई श्राद्धको निम्ता आएको थियो । मातामहले तँ जा भनी मलाई पठाउनुभयो । त्यस बेला कर्णेल साहेबको घर नक्सालमा थियो । गाइगोठमा आएर कर्णेल साहेब श्राद्ध गर्न लाग्नुभयो । कर्णेलनी साहेब पिण्ड पकाउन लाग्नुभयो । पुरोहित बाजे श्राद्ध गराउन लाग्नुभयो । श्राद्धमा बराबर विभक्ति मिलाई वाक्य प्रयोग गर्नुपर्छ । पुरोहित बाजेलाई संस्कृतव्याकरणको राम्रो ज्ञान रहेनछ र मुखबाट अशुद्ध वाक्य निस्कँदो रहेछ । कर्णेल साहेबलाई संस्कृतव्याकरण आउँदो रहेछ । यो अशुद्ध भयो, यस्तो भन्नुपर्छ भनी पुरोहित- लाई झपार्न कर्नेल साहेब लाग्नुभयो । तपाईंका बा कति राम्रोसँग काम गराउनुहुन्थ्यो, तपाईंले राम्ररी अभ्यास गर्नुपर्छ भनी पुरोहित बाजेलाई कर्णेल साहेबले उपदेश दिनुभयो । पुरोहित बाजे अँ अँ गरी पुस्तक बाँच्ने कामतिर नै

लागिरहनुभयो। यस्तो दृश्य मैले अन्त कतै देखेको थिइनँ। घरमा आएर मातामहसित मैले यो कुरा गरेँ। ती पुरोहितले राम्रो पढेका छैनन्, तिनका बाबु पनि त्यस्तै थिए भनी मातामहले भन्नुभयो।

सरदार रुद्रराज पाँडेको वर्षप्रवेश रामजीले बनाएर दिएका थिए । सरदार बाजेका माहिला भाइ तुलसीराजले, तपाईंले यस्तो दिनुभयो, अरूले यस्तो दिए, कुन ठीक हो, कुन बेठीक हो भनी दुवै कागत तेर्स्याउनुभयो। रामजीले त्यहाँ पनि आफ्नो पक्षको समर्थन गर्न सकेनन् । त्यसको केही दिनपछि सरदार बाजेको घरमा म प्रसङ्गवश जाँदा सरदार बाजेले तपाईं भाइलाई अघि सारी काम गर्न खोज्नुहुन्छ, त्यस्ताको हातबाट पनि काम हुन्छ भनी मलाई भन्नुभयो । त्यहाँ जवाफ दिने बाटो मैले पाइनँ । होशियार भएर काम गर्नुपर्छ भनी रामजीलाई बढ्ता प्रेरणा दिन लागेँ। अलिकता सावधानी बढ्यो।

केही कालपछि उही ठाहिँला कर्णेल साहेबकहाँबाट परशुरामनामक एक जना ब्राह्मण १ माना चामल र १ रुपियाँ लिई मकहाँ आएर फलानो दिनको पास्नीको साइत लेखिदिनुहोस् भनी कर्णेल साहेबले पठाइबक्सेको छ भनी भने । (साइत लेखेर पाइने दस्तुर यही हो।) साइत कहिलेलाई दिएको थियो भनी मैले रामजीलाई सोधेँ । उनले अर्कै दिन भने । हामी दुवै जना भई ती दुवै साइतको तुलना गर्‍यौं । रामजीले दिएकै साइत असल देखियो। हामीले दिएकै साइत बेस छ, त्यसमा पास्नी नगरी अर्को साइतमा गर्न त हामीले दिएको साइतमा पहिले दोष देखाउनुपर्छ भनी सो साइत नलेखी रामजीले परशुरामलाई फिर्ता पठाए ।

कर्णेल साहेबको वर्षप्रवेश अलि परिश्रम गरी वर्षेशहरूसमेत हाली बनाउनुपर्थ्यो। एक वर्षको वर्षपत्रमा वर्षेश बिग्रेछ भनी भन्न कर्णेल साहेबकहाँबाट मानिस आयो। रामजीले आफूले गरेको गणित सबै देखाई मैले गरेको निर्णय शुद्ध छ भने । म त यस्तो कुरा बुझ्दिनँ, कर्णेल साहेबबाट मर्जी भएर आएको भनी त्यस मानिसले भन्यो। कर्णेल साहेबलाई गणितहरू र पुस्तकसमेत लगी देखाइदिनुपर्‍यो भनी मैले रामजीलाई भनेँ। रामजीले त्यसै गरे। कर्णेल साहेबले यति धेरै परिश्रम नगरेको भए पनि हुन्थ्यो भनेर भन्नुभयो रे ।

पहिलोचाहिँ रामजीले बिगारेको हो । पछिल्ला दुइवटाचाहिँ कर्णेल साहेबले जाँच गर्नुभएको होला जस्तो मलाई लाग्छ।

लक्ष्मीपतिले ज्यौतिषशास्त्रको पठनपाठन चलाउन ठूलो काम गरेका थिए। भुवननाथको हातबाट त्यस काम-को अलिकता भागको रक्षासम्म भएको थियो। रामजीले त्यसलाई निभिट्याप्न हुनसम्म दिएका थिएनन्। संक्षेपमा भन्ने हो भने लक्ष्मीपतिको पालामा ज्यौतिषशास्त्रको काम मैन्टोल जस्तो थियो, भुवननाथको पाला-मा लालटेन जस्तो भएको थियो, रामजीको हातमा परेर पिलपिल बलेको टुकी जस्तो भएको थियो। लक्ष्मीपतिका धेरै पुस्ताअघिदेखि आएको, लक्ष्मीपतिले बढाएको ज्यौतिषशास्त्रको पठनपाठनको परम्परा रामजी-को स्वर्गवासले लुप्त भए जस्तो भयो। सो उज्ज्वल परम्पराको लोप नहोस्, प्रकाश फैलिरहोस् भनी आफ्नो बुद्धिवर्गतले भ्याएसम्म म उद्योग गर्न लागेको छु।

हुनत अरूहरूले धेरै वर्षको परिश्रम तथा अन्वेषणले नेपाली भाषामा लेखी प्रकाश गरेका थुप्रै कुरालाई अंग्रेजी भाषामा अनुवाद गरी आफ्नो नाउँमा दर्ता गराउन दुःसाहस गर्ने व्यक्ति वरिष्ठ ऐतिहासिक कहलाएको, अनुत्तीर्ण भएका परीक्षार्थीलाई आयोजक प्राश्निक तथा परीक्षकको निर्णयविरुद्ध स्वेच्छाचारिताले प्रथम श्रेणीमा उत्तीर्ण गराउन संकोच नमान्ने त्रिभुवनविश्वविद्यालयका उच्च अधिकारी भएको र नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान-को सदस्य–सचिव (पछि कुलपति ) जस्तो उच्च पदमा बसेर एउटै मानिस दुइ पटक मरेको, एउटै मानिस एउटै मानिसको छोरा पनि भएको नाति पनि भएको इत्यादि थुप्रै अनर्थ कुरा कुनै आफ्ना इष्टलाई रिझाउन र कुनै

मूर्खतावश लेख्ने व्यक्ति भएको देशकालमा विद्याको परम्परा चलाउनु सजिलो कुरो हुँदैन । तैपनि म उद्योग गरी नै रहन्छु, किनभने

ऐकगुण्यम् अनीहायाम् अभावः कर्मणां फलम् ।
अथ द्वैगुण्यमोहायां फलं भवति वा न वा ।।

(*महाभारत* उद्योगपर्व १३३ अध्याय २५ श्लोक)

जे होला पछि दैवकै छ भरमा यो सप्रने बिग्रने,
बाँधी हात बसे त निश्चय भयो त्यो आखिरी बिग्रने ।
भन्ने व्यास महर्षिको वचनमा आस्था म ता राखछु,
चर्को मानस रापमा पिलिसिई बाँचीरहेको म छु ।।

# स्वर्गवासी रामजी तेवारीको सङ्ग्रहमा रहेका अप्रकाशित पत्र

स्वर्गवासी रामजी तेवारीको सङ्ग्रहमा रहेका केही अप्रकाशित पत्र पूर्णिमा ५७ अङ्कमा छापिएका थिए । छापिन बाँकी रहेका अरू केही अप्रकाशित पत्र पूर्णिमाको यस अङ्कमा छापिँदैछन् ।

(१ सङ्ख्या)

## वि. सं. १९०२ आश्विनवदि ७ रोज २ को दिन गोरखपुरबाट लेखिएको पत्रको मसौदा

१. उप्रान्त हामिहरुले जाचन्या बुझन्या कुरो ताहा सबै जाचि बुझि
२. बढिया ठहराईकन — — — मा अर्जि र श्रीकाजीलाई तपाजिलाई चिठि लेष्या-
३. को हो. आज मैन्हा पचिस् दिनसम्म पनि जवाप नआउदा मनमा बडो अन्देसा
४. लागिरहेछ. ताहाबाट जवाप आयापछि पनि बनाउनुपर्न्या कुरा बनाउदा मैन्हा
५. चालिस दिन लागन्याछ र तपाजिहरुलाई पनि निकासा गर्न्या कुराको चाडो
६. निकासा गरि पठाया बढिया होला भनि लेष्याको हो. कसैबाट केहि जवा(प)
७. नलेषि आउदा पर्देसमा बसि काम गर्न्याहरुलाई कठिन हुदो रहेछ. अब र यो चि-
८. ठि पुग्नबित्तिकै एस्ता प्रकाले काम गर्नु भन्न्या संक्षेप चाडो लेष्नुभया सोमाफिक का-
९. म गरौला. बाकि रजिडन्टको चप्रासि पिताम्बर राईलाई एस्ता डबलका मानिस् साथमा
१०. (रा)षि बढिया छैन. एस्का हातबाट काम पनि केही हुदैन. एस्लाई रजिडन्ट साहेबसंग ई-

११. तलाय गरि एस्को बदलामा कोहि आउछ तपनि ताहा फिकाउन्या भया पनि एस्को
१२. निकासा चाडो भई आया बढिया होला भनि मिर मुन्सि लक्ष्मीदासलाई अघि चि-
१३. ठि २ लेष्याका हुन्. ति चिठिको जवाप केहि लेषेनन्. जांहां मिति आश्वीनवदि ३ रोज ५
१४. का दिन पीताम्बर चप्रासि कता गयो. कता गयो. तहि नेपाल आयो कि घर गयो. के-
१५. हि पत्ता लाग्दैन. आहां पनि कोतुवालिमा जाहेर गरि सबै ठाउमा षोज गर्दा कहिं
१६. मिल्दैन. उस्का लाउन्या कपडा भात षान्या पानि पिन्या भाडा तरवार चप्रास्
१७. सबै थोक एहि छोडि गयेछ. यो कुरा मिर मुन्सिलाई सुनाईदिनुभया बढिया होला.
१८. विज्ञेषु किमधीकं. ईति सम्वत् १९०२ साल मीति आश्विनवदि ७ रोज २ मुकाम गोरषपूर. शुभं

(२ सङ्ख्या)

## जनरल गगनसिंह र अभिमानसिंह रानालाई सरदार भवानीसिंह खत्रीले बनारसबाट वि. सं. १९०२ कार्तिकशुदि १३ रोज ४ को दिन लेखेको पत्र

श्री१.

१. स्वस्ति श्रीसर्वोपमायोग्येत्यादिसकलगुणगरिष्टराजभारासामर्थश्रीजनरलगगणसिंहश्रीजनरलअभिमानसिंहरानामा-
२. हासयेषु इत श्रीसर्दारभवानिसिंहषत्रिकस्य सेवाआसिषसतम्पुर्वकपत्रमिदं. इत निक. तांहां कुसल भया सब बातमा हाम्रो स-
३. म्भार होला. आगे आहांको समाचार भलो छ. उप्रांत कार्तिकसुदि ११ रोज २ का दिन १०० नाउ पश्चिमतरफ्‌बाट आहां बनार-
४. स्मा आईपुग्या. नाउ राजघाटमा उस्पार लाग्या. येक पल्टन् षुस्किमा सिक्रवल्मा उसै दिन आईपुग्यो. नाउमा क्या रहेछ भंन्या
५. मनमा संधेह लाग्यो र २।४ जना मानिस्लाई जासुचि गर्न लाआ र उन मानिस्हरुले आषाले देषि आयाको. ति नाउमा रह्याका सिपा-
६. हि बिल्कुल घायेल रह्याछन्. यो कुरा निश्चय हो. येस्मा संदेह छैन . इ घायेल सिपाहि मुक्सुदाबाद लैजांछ भंन्या षबर छ. पछिमतरफ् के-
७. हि बिग्राको तवर देषिछ. कुरा त ढेरै गलवा सुनिन्छ. तहकित नभै लेषन सकिदैन साचो ठह्र्याको षवर लेषदै गरुला. विज्ञेषु किमधि-
८. कमिति. सम्वत १९०२ साल कार्तिकशुदि १३ रोज ४ मुकाम बनारस् इस्वरिगंगा. शुभ्म् — — — — — — — — — — — — — — — —

(३ सङ्ख्या)

## प्राइममिनिस्टर जङ्गबहादुर कुँवर राणाजीलाई कपतान महारुद्र खत्रीले हेटौंडाबाट वि. सं. १९०६ पौषवदि ३० रोज ५ मा लेखेको पत्र

(खाममा एकातिर)

१. स्वस्ति श्रीश्रीश्रीमद्राजकुमारकुमारात्मज श्रीप्राईम्मिनिष्टर यान्
२. कम्यांडरईनचीफ जनरल साहेब जङ्गबहादूर कुवर राणाजीका चर-
३. णारवृन्दतलेषु पत्र कांतिपूर पौचै शुभम् = = = = =

(खाममा अर्कोतिर)

१. सं १९०६ सा. पौषवदी ३० रोज ६ दा. चिसापानीबा-
२. ट

छापमा–

१. श्रीइष्टदे-
२. वताचरण

श्री१

श्रीजनरल

१

१. स्वस्ति श्रीसर्वोपमायोग्यत्यादि सकलगुणगरिष्ट राजभारोद्धारणखड्ग्राहिकसामर्थ श्रीश्रीश्री-
२. मद्राजकुमारकुमारात्मज श्रीप्राईम्मिनिष्टर यान् कम्यांडरईनचीफ् जनरल साहेब जङ्गबहादूर कुवर
३. राणाजिका चरणारवृन्दतलेषु ईत श्रीकपतान माहारुद्र षत्रिको सलाम्पूर्वकपत्रमिदम्. ईत निक. ता-
४. हा चरण सदा कुसल मंगल चरणारधिर हुनुभया हाम्रो ऊद्धार होला. आगे जाहाको समाचार भलो छ. पौ-
५. षवदि ११ रोज २ मा लेषिबक्सनुभयाको चिठि १ र दस्कत् १ येहि वदि १४ रोज ५ मा आईपुग्यो. बिस्तार
६. बुझि सिर चह्राऔं. उप्रांन्त बाबु औदानसिंलाई बढिया पाठसित सम्झाई बुझाई फिराई पठाऊन्या काम
७. गर्छौं. सम्झाऊदा बूझाऊदा मानेनन् भन्या पनि कौने जुगतिसंग पनि मधेस्तर्फ फिराईदिन्या काम गरौं-
८. ला. लाहुरि रामसिंसमेत् जना ३ लाई पनि आग्याबमोजिम् सिपाहि साथ लगाई तेस्तर्फ छोडिदी-
९. न्या काम गर्छौं. हाजर हुनन्. बाकि अंगरेजका कपतान बिबिसमेत् लि आऊन्याछन् भनि लेषिबक्स-
१०. नुभयाका अर्थ डेराडंडा र षानापिनाको सराजाम्को ताकिति हामिले गऱ्याका छौं. अरु पाल्पा हा-
११. तिसारका हाति ‾ ‾ ‾ साहेबका साथ कटहरवना गया. सुर्जप्रसाद हाति र रणगज् हाति जाहाँ र-
१२. ह्याका छन्. सवारिलाई स्यामकलि ढोई तयार गरौंला. गदेला जाहा रहेनछ. गदेला १ पठाईबक्स्या
१३. बढिया होला. गवैया तमाषु १ मनोहर १ जाहा आईपुग्याका छैनन्. आईपुगनि मात्र तेस्तर्फ छाडी-
१४. दिन्या काम गरौंला. विज्ञषु किमधिकं. ईति सम्वत् १९०६ साल मिति पौषवदि ३० रोज ५ मुकाम
१५. हेटौडा. शुभम् — — — — — — — — — — —

(४ सङ्ख्या)

## कम्यान्डर–इन–चीफ बमबहादुर कुँवर राणाजीलाई कुलमानसिंह बस्न्यातले सिलगढीबाट बि. सं. १९०७ चैत्रवदि ३० रोज ३ को दिन लेखेको पत्र

श्री१

श्रीकालीजंङ

१

१. स्वस्ति श्रीमन्निजदोर्द्दण्डकमलकलितकरालकरवालनिराकृतारिकदम्बश्रीमद्राजकुमारकुमारात्मज-
२. श्रीकम्यांडरइनचिफ्जनरलबँम्बाहादूरकुवरराणाजीबर्मसु श्रीकाजी कुलमानसिंह बस्न्यातको सला-

३. म्सतम्सहश्रम्पूर्वकपत्रमिदम्. इत निक. ताहा थ छेम कुसल रहनुभया हाम्रो उद्धार होला. आ-
४. गे जाहाको समाचार भलो छ. उप्रान्त अघि ब्रह्मदेउ मंडीमा चौधराइ मुष्यालीको लालमोहोर नि-
५. क्कामलका नाउमा भयाको रहेछ. पोरका साल निक्कामल् मन्यो. चौधराइको ठेगान नभया मंडीमा का-
६. म चलेन भंन्या बिंति गरि पठाउदा चौधरी मुषिया पजनी गरिहालनु भंन्या लालमोहोर भै आउदा सोब-
७. मोजीम चौधरि मुषियालीको पजनी गरियो र मंडीको काम चलायाको हो. यो साल पनी चौधरि मुषीया-
८. लाइ फुल्याइ पत्याइ मंडीमा काम लायाको छ. चौधरि मुषियाका नाउमा रुक्काको मसौदा चऱ्हाइ
९. पठायाको छ. त्यो रुक्का भै आया जस्का नाउको रुक्का हो सौपन्या काम गरुला. रुक्का भयेन भन्या विना
१०. चौधरि मुषीयाले मंडिको काम चलन्याछैन. सो अर्थ रुक्का चाडो गराइ पठाइबक्स्या मंडी अबाद
११. गुलजार रहला. अरु कामकुरालाइ र जो चाहीन्या कुराको फ्रेजाको बिस्तार अघि बिंति गरि चऱ्हा-
१२. इ पठायाबमोजीमको पैसाको टक् मान्र्या र इन्को व्येहोरा अरु सिक्ष्यार्तिस्मेतको निगाहका करुणा-
१३. पत्र आउदै रह्या सोबमोजीम काम गरुला. विज्ञेषु किमधीकम्. इति सम्वत् १९०७ साल मिति चैत्रव-
१४. दी ३० रोज ३ मुकाम् सिलगढी शुभंम् — — — —

(५ सङ्ख्या)

## प्राइममिनिष्टर जङ्गबहादुर कुँवर राणाजीलाई ज. जयनरसिंह कुँवर राणाजी र ज. बद्रीनरसिंह कुँवर राणाजीले प्रयागबाट वि. सं. १९१० ज्येष्ठवदि ४ रोज ५ को दिन लेखेको अर्जी

श्री१

अंजि — — — — — — — — — — — — — — — —

१. उप्रांत हजुर्को गाथ सदा छेमकुसल मंगल भै स्थिर रहनुभया हामि फिकर्मन्दको
२. रोजवरोज् प्रतिपाल उद्धार्होला. आगे हाम्रा बडो पुर्व पुण्य उदय हुनाले एस् अव-
३. स्थामा हजुर्को मेहर्बानिसाथ दर्सन् पाउदा आजसम्मका हरएक् तरहको तक्ली-
४. फ् र फिकर्सब् निवारण भयो. हाम्रो धन्न्य भाग्य रहेछ भनि बहुत् आह्लाद भै सा-
५. न्है षुसि लाग्यो औ हजुर्का रवाब् र अदप्मा हामी बद्नसिब् र मन्दबुद्धि दोश्रो बे-
६. जारिका बेहोस्मा बिन्ति चढाउदा केहि जान् अजान् पऱ्याको माफ राष्या जाला.
७. जरूरियात्का बीन्ति चढाउनुपर्न्या कुरा पनि धेरै रह्याका रह्याछन्. हजु(र) कदर्दा-
८. न् हुनाले मेहर्बानि गरि हामिमा सऊ र नभयाका कुराको पनि बन्दोबस्त ग-
९. रिबक्सनुभयो. हामि कस्तै बेसमुक्र नालायक् भया पनि दुई जांहांन्को मालिक् हु-
१०. नुहुन्छ. क्या अघि क्या पछि अवस्य उद्धार्गरिबक्सनुहुन्येछ भन्न्या दिलमा बेसरि ये-
११. किन् थियो. षुलासा देष्नमा आयो औ हजुर्सर्वपक्षले पिता हुनुहुन्छ. यदि हामि
१२. बालक्उपर ञांहांसम्म तस्दीया गरि कृपा राषिबक्स्यापछि निहायत् बेनिहा-
१३. येत् लाचार्भै पाउमा बिन्ति गर्छौं. छेमा राष्या जाला. हामिलाई बाहिर ल्याउदा

१४. लैजांदां साहेवान्‌हरूलाई असिजिलो हुनाले लाठ्साहेब्ले पनि एसैमा रा-
१५. जि हुन्येछन् भन्ये जस्तो लाग्छ. हिन्दुस्तान्‌मा मुस्किल् र एहि चार मैन्हा गर्मि हो.
१६. पहराका सिकस्ती र गुल्‌गफडाले पनि रात्‌दिन्‌सुत्न पाईदैन. एस्पालि जिउ प-
१७. नि सान्है टुटिरहेछ. कोठिको हाल् र सबै हजुर्मा जाहर्भयो. हामीले हजुर्का आइन्-
१८. मा अर्को तरह गर्न महज नुक्सान् र असाद्य छ. हजुर्का मेहर्वानिले सबै कुराको
१९. एस्तै तार्तम्बे मील्न जांदां चरणमा रोये नकराये अन्यथा सरण छैन र हजुर्मा बहु-
२०. त् छिजो गऱ्याको हो. संसिरसम्म अरू राजा बाबुका सरहसंग किल्लाबाहिर राषिब-
२१. क्स्या हजुर्को मर्जि सिरउपर राषि केहि कालमा षिज्‌मद् गर्न पांउंदा हुं. यति हजुर्का जना-
२२. बमा हामि अनाथ्‌को सहश्र कोटि कोटि बिन्ती छ. मन्जुर्गरि बक्स्याजाला औ हजुर्बाट म-
२३. जि भयाबमोजीम् तिन्नोकर्दिया. अरू कुरा र वांहांबाट लेषि आयापछि पाउला भ-
२४. नि जवाब् दिई रह्याछन्. तेस्को चाडो बन्दोबस्त गरि मेहर्बानि भया बढिया होला. बां-
२५. कि स्नान् गर्न मेहर्वानि भयापछि अघि तलासिका रूपैंआं पाउला भनि मर्जी पनी भयाको हो.
२६. आंहांका बडासाहेब्‌लाई देउ भन्या पर्माना आया कपडाविना सान्है हरज्छ. उसैले
२७. स्नान् गर्दा केहि दान्‌पुण्य र करडा बदल्न्या थिऊं. हाम्रो त पाउमा बिन्ति मात्रै हो. श्री-
२८. फ मेहर्वानिले मात्रै उद्धार्छ. हजुर्को तावेदार्हुं. जो मर्जि. बेउजुर लेष्तामाको कम्बेस्
२९. माफ राषि बक्स्याजाला. मिति जेष्टवदि ४ रोज ५ शुभम्[1] — — — — — —
३०. इत जयबाहादूर कुंवंर रांणांजि बद्रिनर्सिंह कुंवंर रांणांजिको कोटि कोटि साष्टां (ग)
३१. दंडवत्सेवा सतम्‌सहश्रम् शुभम् — — — — — — — — — —

(खामको अगाडिपट्टि)

१. स्वस्ति श्रीमद्राजकुमारकुमारात्मज श्रीश्रीश्रीश्रीश्रीश्रीदा-
२. ज्यैज्यू प्राईम्‌मिनिष्टर यान् कम्यांडर ईन्चीफ जनरल
३. जङ्गबाहादूर कुंवंर राणांका चरणकमलतल अर्जि-
४. पत्र नेपाल् कान्तीपुर पहुंचै शुभम् — — — — —

(पछाडिपट्टि)
लाहाछाप (फारसीमा)
(अर्कै अक्षरले लेखिएको)

१. सं १९१० साल जेष्ट-
२. वदी १२ रोज ६ दा.
३. प्रयागबाट जनरल २ बाट

---

१. यस ठाउँमा फारसीमा कुँदिएको छाप लागेको छ।

(६ सङ्ख्या)

## काहिँला साहेबज्यू वीरेन्द्रविक्रम शाहलाई प्राइममिनिष्टर जङ्गबहादुर कुँवर राणाजीले वि. सं. १९१२ कार्तिकवदि ६ रोज ४ को दिन लेखेको पत्रको मसौदा

१. सं १९१२ साल कार्तिकवदि ६ रोज ४ श्रीप्राइममिनिष्टरबाट श्रीकाहीला
२. साहेबज्यू वीरेन्द्रविक्रमसाहेदेवेषु———————————

३. उप्रांत बनारस तेलियानाराका नवाब दुर्गाकुंडका नवाब र रामनगरका राजा-
४. संग प्रयागमा भयो जांहा हुंछ. असल लडदामा नहाऱ्याका कुषुरा जातजा-
५. तका जाहा मंसंग सय दुयेक् भाल्या छन्. इनलाइ जितन्या हैदराबादि धाग-
६. स्मा कांटेवाल् भाल्या १ घुंडिवाल भाल्या १ पोथि २ पैठानी भाल्यामा कां-
७. टेवाल भाल्या १ घुंडिवाल भाल्या १ पोथि २ सलारजङमा कांटेवाल भा-
८. ल्या १ घुंडिवाल भाल्या १ पोथि २ कुलुङमा कांटेवाल भाल्या १ घुंडिवाल्
९. भाल्या १ पोथि २ नागको जातमा कांटेवाल भाल्या १ घुंडिवाल् भाल्या १ पोथि
१०. २ इ कुवुराहरुका जातमा असल असल् हेरी नहाऱ्याका मंसीर महिनामा
११. जाहा आईपुगन्या गरि चाडो पठाइबक्सनुहवस्. इ कुवुराहरु पठाइबक्सनुहुंदा कुवुरा-
१२. षरीदमा जो लाग्याका रुपयाको विजक्समेत् पठाईबक्सनुहवस्. रुपया पठाइदि-
१३. उंला. हजूरलाई षायस भयाका जनावर चिडियाहरुमा जो चाहिंछ लेषी-
१४. बक्सनुभया कुषुरा ली आउन्याका हातमा चऱ्हाइ पठाउन्या काम गरुला.
१५. नहाऱ्याका दुइ तिन् वर्षका असल् कुर्चा बटं पनि १०/८ जो पाइन्छ-
१६. न्. इनै कुषुरा ली आउन्याका हात पठाइबक्सनुभया हजूरको मेहरवानगी र-
१७. हेछ भनि म बुझुला. इ लेषीयाबमोजीम्का कुवुराहरु झिकाउनालाई अ-
१८. रु महाजनहरुबाट पनि झिकाउन्या थिञां. महाजनहरु इ कुषुराको जात पनि छुटचा-
१९. उन सकतैनन्. फुल पार्न्या र नपार्न्या बुढो र जवान् नहाऱ्याको पनि छुटचाउ (न)
२०. सकतैनन्. हजूरलाई पनि याद छ. कप्तान मामा दलबहादूर थापालाइ सौष हु-
२१. नाले सबै याद छ. इन्लाइ पनि जचाईकन पठाइबक्स्या बढिया होला. असल्
२२. चिज्लाई षरीद गर्दा रुपया ढेर पर्दछ. रुपया ढेर पर्दछ भनि गाऱ्हो नमानिबक्सनुहो-
२३. ला. सस्ताले कमसल् चिज् पाइंछ. सस्तोपछि लागी कमसल् चिज् नपठाइ-
२४. बक्सनुहोला.

(७ सङ्ख्या)

## प्राइममिनिस्टर जङ्गबहादुर कुँवर राणाजीले कप्तान दलबहादुर थापालाई वि. सं. १९१२ कार्तिकवदि ६ रोज ४ को दिन लेखेको पुर्जा

१. श्री कप्तान मामा दलबहादूर थापाके श्रीजङ्गबहादूर कुवर राणाजीको

२. सलाम. उप्रांत कुकुराको जात उमेर जो चाहीन्या कुरा श्रीकाहीला सा-
३. हेबज्यूलाइ लेषीयाका चिठिमा लेषीयाको छ. सोबमोजीम् लेषीयाका
४. कुकुरामा लडाइ जात हेरी नलि छाति गर्धन् उमेर जात हेरी बढिया ठहरा-
५. इ जातजातका कुकुराका काबुक्मा फलाना जात्को हो भनि पुर्जि कुंडा-
६. ई पठाइदिन्या काम गर. कुकुराको फर्माइसि पठायाछन् भनि नाराज हौला.
७. हाम्रा मावलीका कुलमा सबै बातका सौषी छौ जांदछौ भनि लेष्याको
८. हो. षुसी छौ भन्या. भानीज्ले फर्माइसि पठायाको रहेछ भनि पठाइदेउ.
९. षुस छैनौ भन्या तिम्रो षुसी. ताहा तिम्रा तलासमा पाइन्छन् भन्या दुइ ति-
१०. न् वर्षका कुर्चा नहान्याका बढिया बटै गोटा दस् आठ् पठाइदिया बढिया
११. होला. मंसीरभरमा जाहा आईपुगन्या गरी पठाउन्या काम गर्नु. ———

(पत्रको शुरूमा लेखिएको )
१. पुर्जी

(८ सङ्ख्या)

## भोजपुरे अयोध्या मिश्रको भनाइ

श्री१

१. भोजपुऱ्या अजुध्या मिसिरको जमानि. चैत्रवदि ७ रोज ६ का ७/८ घरि दिन
२. बाकिमा दक्षीनतर्फ अंरेजका फौज देषा परि फिरि घुमि पुर्वतर्फबाट
३. नवाबिलाइ तोपले हान्दा पैले बालाराउ घोडामा सवार भै अ-
४. गाडी नीकर्दा कमिलाका गोला फुटचा कै चारैतर्फबाट नवाबि फौज कुकि
५. ६।६ घोडा लाग्याका घोडा पेटिस्मेत तोप् ३ र दुइ अढाइ सै बेधर्मी बंदुक् अं-
६. रेजको नवाबिले लुटि अंरेजलाइ २ कोस हटाई आफ्ना मुर्चामा बस्न आया.
७. नवाबिको मेगजिन् अंरेजले लगेछ भंन्या षबर भै रातमा बालाराउको छा-
८. पा परि आफना मेगजीन असबाफ् फिराइ ल्याया. आज फजेरै सौराहाको उ-
९. त्तरः पाहि गरि पुर्वतर्फबाट र हिजो हटि रजाड गयाका दक्षीनतर्फबाट
१०. आइ घरि १ लडाजी हुदा नवाफितर्फको १ अबाज तोप् र बंदुक् चलाइ
११. नावाबि हटि जंगलतर्फ गया. सैनामैनामा पुग्यापछि मलाई छोडीदिया.
१२. बेगम् र षाल्सा फौज पाहाडतिर लाग्या. बालाराउ र फौजले तोप र बं-
१३. दुक्का लडाइलाइ अब मुर्चा कसि आड हेरि तरवा-
१४. रि लडाई गरौला भनि घोडा छोडी पर्वत्का काठ्मा रह्याका छन्. हिजो-
१५. का लडाईमा ५ सै गोरा ३ सै मनराजी अंरेजतर्फका जुक्या, १०।१२ सै न-
१६. वाबितर्फका जुक्या. आज बेहान अंरेजतर्फ २ नवाबतर्फ ३ जुक्या. म
१७. छुटचापछि जंगल्बाट निस्की नजा गाउबाट आउदा बनका मुषमा सै डे-

१८. ढ सैं मन्राजी सवार भेटचा र मलाइ पक्या. तं फिरारिको जसुस् होस् भ-
१९. न्या र मैले आपना कुराको बयान् गर्दा मलाइ छोडीदिया. बुटवलमा ढेरैं बद-
२०. मास लुक्याका छन्. तिनिमाथी जानु छ. अँले स्नानपानिमा जाउ भनि नञा गाउतिर
२१. गया. शुभम् —

(९ सङ्ख्या)

## श्री ३ महाराज जङ्गबहादुर कुँवर राणाजीलाई बि. सं. १९१५ ज्येष्ठवदि१३ को दिन लेखिएको पत्र

श्रीगुरुवरो जयतितराम्

कामाक्षा

१. ।। स्वस्ति श्रीमदतिप्रचंडभुजदंडमंडितोद्दंडखड्गखंडितोद्दंडवैरींद्रमं –
२. ।। डलोद्दंडमुंडमंडलीमंडितावनीखडोदडकीर्त्तिस्थितिस्थापक-
३. ।। श्रीश्रीश्रीश्रीमहाराजश्रीजंगबाहादुरकुवरराणाजीशाहदेव–
४. ।। देवानां सद समरविजयिनाम् अस्मत्कृताशीर्वादात्मकना–
५. ।। रायणोल्लसतुतराम्. अत्र कुशलं तत्रास्तु. अपर संन्न ६३ त्र–
६. ।। सटके चैत्रमास बिदा होके श्री – – – जीका यात्रार्थ आप उस दिन–
७. ।। शे पूर्व देश बंगलामे आया. प्रस्तुत कोचव्याहार राजधानीमे स्थि-
८. ।। ति किय्या हे. हमारा शरीर अछा नहि. सममय व्यपरीत जानक अगे
९. ।। ...नहि अगे चत्तुर्मस बितीतानंतर श्री – – – जीका यत्राका विचा–
१० ।। र हे. सो आपकु लिखा हे।। अगे हम केवल आपका शुभचिंत–
११. ।। क हे. श्नानसंध्या करके निरंतर आपका हाशीर्वाद ताहु आपका
१२. ।। बारंबार जय हो. अैसा ।।ㅈ अगे वर्त्तमान अेक आपकु विदित
१३. ।। होणेवास्ते लिखा हे. केवल परोपकार हजनतमे कीर्त्ति होगावास्ते आ-
१४. ।। पकु लिखता हु. आपशे अे कार्य्य होगा. अैसा जानके ।। अत्र स्थल को-
१५. ।। चव्याहारका माहाराजी श्रीश्रीनरेंद्रनारायण भूपबाहादुर कुवजी कुं-
१६. ।। पनी सर्कार ईंगरेजी विद्या पडोवणेका वास्ते कलखता ले गया
१७. ।। वर्ष छ सात भया. अद्यापि उनकु स्वराज्यमे पोहचनेका र–
१८. ।। जा कुंपनी सर्कार दिय्या नहिवास्ते उनका राज्यका प्रजा तथा रा-
१९. ।। जधानो समस्त अत्यंत दुखित हो प्रशंशित पजी महाराज बा
२०. ।। ... मातेश्वरी श्रीमहाराणिलोकका रोदन करते अन्न
२१. ।। ... के हम आपका जगतविख्यात कीर्त्ति वर्णन करा. अगे पू-
२२. ।। र्व उन लोकका भि आपका । कीर्त्ति शुव हे. आपका कीर्त्ति श्रावण कर-

२३. ।। के अमशे कहा श्रीश्रीश्रीमहाराज जंगबाहादुर शाहादेव कुँअ(र)के
२४. ।। पत्र लिखियेगा. प्रशंशित बाहादुरका पुण्य प्रतापशे हमारा संता-
२५. ।। नका मुख देखनेमे आवेगा. अैसा हमारेशे कहा. बोहत संतापपू-
२६. ।। र्वक कहावास्ते हम आपकु लिखता हु. आप थोडा वार्त्ता कुंप
२७. ।। नी सर्कारशे कहनेशे अे कार्य्य सिद्ध होयेगा. अे कार्य्य सिद्ध हो-
२८. ।। णेशे आपका कीर्त्ति बंगदेश (मे बहु)त होगा. अगे पूर्वयुग श्रीयु-
२९. ।। (धि)ष्टिरादिक बडा बडा राजा भया. सर्वकीर्त्तिवास्ते परिश्रम किय्या हे. अै-
३०. ।। से ही आपका भि कीर्त्ति रह जावेगा. अगे आपका भरोसाउप-
३१. ।। र हमने बचन दिय्या. अैसा श्रीश्रीश्रीमहाराजा जंगबाहादुर-
३२. ।। का लिखनेशे आपका पुत्र स्व राज्य पोहचेगा. अैसा महाराणीलो-
३३. ।। कको हमने बचन दिय्या हे वास्ते हमारा बचन मिथ्या न होवे. अैसा
३४. ।। यत्न करणा उचित हे. हमारा बचन रक्षण होगा. अैसा जानके आपकु
३५. ।। लिखा हे. अगे कुंपनी सर्कार कदापि कहे महाराजकु विद्या पूर्ण
३६. ।। नही भया. अैसा तो अेक पडावणेवाला सात जावे स्वराज्यमे पडा-
३७. ।। वेगा. अैसा कहनेमे आवे ।। अगे कोचव्याहारका माहारा-
३८. ।। जका आबरू बंगदेशमे बहुत हे. प्राचीन राज्य हे. सो आ-
३९. ।। पका विदित होगा. अगे सुज्ञेषु बहुना किं. अे पत्रोत्तर
४०. ।। संस्थाम कोचव्यारकु भेजनेमे आवे. अे पत्रोत्तर शुभपू-
४१. ।। र्वक भेजनेशे सर्वराज्य प्रसन्न होगा. शुभम्. मिति जेष्टव-
४२. ।।द्य १३ सम १९१५ ☰

(१० सङ्ख्या)

## श्री ३ जङ्गबहादुर कुँवर राणाजीलाई राजा शिवराजसिंहले वि. सं. १९१८ वैशाखमा लेखेको पत्र

श्री

१. स्वस्ति श्रीमत्रीजभुजदंडप्रचंडकरालकरवालनिराकृितारिक्रंदबश्रीमद्राजकुमारकुमारात्मजप्राय-
२. ममनिष्टर यान कम्यांडरनचीफ जनरल जी. सी. बी. श्रीश्रीश्रीमहाराजजंगबहादुरकुँवरराणाजीदेवे-
३. षु इत श्रीमनराजा शिवराजसिंहका सलाम. यहाँ आपकी इनायतसे खैराफियत है और खैराफियत मिजाज
४. आलीशे वो रोज नेक चाहता है. पहले इससे कि जब दायरा दौलत हजूरका वतकरीव दरसन श्रीवद्रीनारायण
५. इस मुल्कमे रौनक अफरोज थे. जो अरीजे रवाने खिदमत आलीके हुये. उन्के जवाबसे मुम्ताज होता रहां. अब
६. अर्से तीन चार बरससे तीन चार किते अरीजे खिदमत फैज दरजतमे गुजराने. लेकिन जवावसे मुअजिज
७. न हुआ. इस्को सिबा नहोने फुरसत इन्तजाम माली और मुल्कीया खूबी किस्मत अपनीके किया तसब्बर किया
८. जावे और हरगिज जात बाबरकातसे गुमांन फरामोशीका नही कर सकता हूँ और रातदिनभग वान्से दुआ नेक रख-

९. ता है कि अबतक जातवाला सिफातसे तमाम हिन्दोस्तानकी जेब और जीनत है और खसूस् नियाजमन्द आ-
१०. पकी नवाजिश परत कियः करके अपनेको एक नियाजमन्द और खैरख्वाहान हजूरका तसब्बर करता है
११. और हमेशा उम्मेद हासिल कर्ने मुलाजमतआलीकी रखता है और इस मुल्क जदीदके अहलकारान सर-
१२. कारीके कबजेमे आनेसे निहायत खुशी हुई कि अब बकवसीला जाहिरी भी हो गया कि जिस्वक्त हजूरवास्ते
१३. मुलाहजे मुल्क जदीदके रौनक बखशी करेंगे. जरुर मुलाजमतसे बजुरगी हासिल करेगा. मगर यह आरजू
१४. दिल्मे रही. लेकिन एक बडी खुशी है कि दामाद नियाजमन्दका राजा कुलराजसिंहकि मुल्क उन्का मल्क
१५. चन्द अर्सेसे अहद अंग्रेजीमे जब्त हो गया है. अब ईश्वरकी कृपासे वो मुल्क भी इसी मुल्क जदीदमे...
१६. आया है. बरखुरदार मज्कूर बारयाबी हासिल करते रहेंगे और हजूरकी खाविन्दी और क(दर)-
१७. दानीसे उम्मेद कवी है की बरखुरदार मज्कूर अब अपने हक और मरतबेको हजूरकी इना-
१८. यतसे पहुँचेगी और हमेशा खिदमत फैज दरजतमे हाजिर रहैगा और उम्मेद रखता हूँ
१९. कि इस नियाजमन्दको हमेशा हाजिर और गायब एक फरमाबरदार और तावेदार तसब्बर
२०. फरमाकर इनायत नाम जातसे मयेकार लायके इस्तरफके मुमताजी बखशते रहैं. मुल्त
२१. मिसे तारीख २४ अप्रेल सिन् १८६१ ईस्वी

१. दसषत् शीवरा-
२. जसींह १

(११ सङ्ख्या)

## श्री ३ जङ्गबहादुर कुँवर राणाजीलाई राजा राजेन्द्रकिशोरसिंहले वि.सं. १९१९ भाद्रवदि १३ को दिन लेखेको पत्र

श्री १

१. स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डमण्डितोद्दण्डवैरीन्द्रमण्डलोद्दण्डमु-
२. ण्डमण्डलिमण्डितावनिखण्डोद्दण्डकीर्त्तिस्थितिस्थापकश्रीश्रीश्री-
३. महाराजजङ्गबहादुरराणा जी. सी. बी. प्राइम्मिनिष्टर यांड कम्यांड-
४. रइनचिफसाहदेवेषु सदा संग्रामविजयशालिषु स्वस्ति श्रीप्रताप-
५. नारायणेत्यादिविविधविरुदावलीविराजमानमानोन्नतश्रीमन्महा-
६. राजाधिराजश्रीश्रीश्रीमद्राजेन्द्रकिशोरसिंहबहादुरदेवदेवानां सदा स-
७. मरविजयिनांका सलाम. इहां कुशल क्षेम है. आपका कुशल (क्षेम चा)-
८. हिए. जेशे खुशी है. आगे बहुत रोज हुआ. जो कोइ खत आपका नहि आ–
९. आ. लेकीन जवानी चौतरिआ गुरुप्रशाद साहके मालुम हुआ जो आप–
१०. हके मुलुक शैर वो सीकारवास्ते तशरीफ ले गएथे. अब कुशल क्षेमशे नेपा-
११. ल दाखील हुए. इश बातशे जीव बहुत खुश हुआ. आगे आजकल्ह एक मो-
१२. कदमा शरहद तीरवेनीका हमेंशे वो राजा रामनगरसे पेश है. वो दर हकीक-

१. यहाँनिर फारसीमा कुँदिएको छाप लागेको छ।

१३. त उश सीवानेमे दषल कबजा हमारा हमेशे चला आता है. अब उनके तर-
१४. फशे नाहक दावा बरषलाफ बाधकर नालीश हुआ है. वो कागजात शबु-
१५. त एकरारी उन्हका जो अदालतमे पेश है. उशीशे उन्हका दावा वातीलत शौ-
१६. अर होगा. लेकिन उन्होने मीरसुबा रतनमानशींघको गवाह मोकरर कीआ
१७. है. इशवास्ते आपके खीदमतमे लीखा है के मीरसुबाको इजाजत होके
१८. वं जो शरहद कदीम हमारा आपके मुलुकशे चला आता है. वो थाक वस्तका
१९. नकशा भी होगे आहै. तीशके बरषेलाफ वे आन अपना मत लीखावे काहे

(फट्केमा)

१. की हमेश्को हमेशे श-
२. रहद शीवाना तीखेती-
३. के शामने नैपालशे
४. है. रामनगरशे कवही न-
५. ही है. जीआदे मिजाज-
६. का कुशल क्षेम हरह-
७. मेशे लिख फरमाते रही-
८. एगा. जेशे षुसी है मिति
९. भादोवदि त्रयोदशी संवत्
१०. १९१९ शाल शुभम्—

(१२ सङख्या)

## श्री ३ महाराज जङ्गबहादुर कुँवर राणाजीले रामविक्रम थापा र यज्ञविक्रम थापालाई वि. सं.१९२७ कार्तिकवदिमा लेखेको पत्रको नकल

श्रीः १

१. स्वस्ति श्रीमदतिप्रचण्डभुजदण्डेत्यादिश्रीश्रीश्रीमहाराजजङ्गबहादूर-
२. राणा जि. सि. बि. प्राइममिनिष्टर याण्ड कम्याण्डरइनचिफकस्य रुक्का ——————
३. आगे रामविक्रमसिं थापा छेत्री जग्येविक्र(म)सिं थापा छेत्रिके. तिम्रा बाज्या
४. अभयानन्द स्वामिबाट राख्याको फकिरहरुलाइ सदावर्त दिन्या षेत र
५. फुलिपं गुठ भाइहरुबाट यथार्थ नचली धर्म लोप हुदा सतपुरुष बा-
६. बु तलाइ ठहराइ निज गुठ अबउप्रान्त तलाइ अकत्यारि गरिदिञ्यू.
७. सिलापत्रबमोजिम धर्म चलाइ धर्म थामी सदावर्त सिवप्रिति जा-
८. नि १९१६ सालदेषि जगाको काम गर. यो सदावर्तगुठीमा सिलाप-

९. त्रबमोजिम धर्म चल्यासम्म भाइ अरु भाइले षिचोला गऱ्या भन्या
१०. गुठ् बिगार्न लागन्यालाइ सिलापत्रमा लेष्याको पातक लागला. यो
११. पत्रको साछि लक्ष्मीदास बाबाजि नारानदास कोत्या बुद्धिराज था-
१२. पा लाटो काल्या बुलाकि कसेस्या लेषक साछि देविदास् पाध्या राषि
१३. १९१४ साल मिति कार्तिकसुदि १५ रोजका दिन ब्रह्मनालमा बसि
१४. तिमिहरुका बाबा रघुविक्र(म)सिं थापा छेत्रिलाइ लेषिदिनुभयाको
१५. रहेछ. सोहिबमोजिम तिमिहरुका बज्यैज्यूबाट १७ साल वैसाषसु-
१६. दि ९ रोजका दिन थामि दस्कत गरिदिनुभयाको रहेछ. फेरि लेफटे-
१७. न्ट कर्णेल युद्धविक्रमसिं थापा छेत्रि लेफटेन्ट कर्णेल भीमवि-
१८. क्रमसिं थापा छेत्रि सुबेदार जबरबहादूर थापा छेत्रि समर-
१९. बिक्रमसिं थापा छेत्रिहरुले पनि २७ साल आषाडवदि रोज-
२०. का दिन सोहिबमोजिम थामि दस्कत गरिदियाका रह्याछन्. सो
२१. तिनै कागज ल्याइ हाम्रा हजूरमा नजर गराइ तिमिहरुले बिंति
२२. गर्दा सो तिन कागजबमोजिम् हामिबाट पनि तिमिहरुलाइ थामि-
२३. बक्स्यौ. इति सम्वत् १९२७ साल मिति कार्तिकवदि रोज शुभम्

(१३ सङ्ख्या)

## लेफटैन चतुर्मानसिंहले बरेबाबाट बि. सं. १९२७ मार्गशुदि २ रोज ६ को दिन पठाएको अर्जी

श्री१.

१. (अर्जि) — — — — — — — — — — — — — — —
२. ... दि८ रोज ४ मां लेषिबक्स्याको सिक्ष्यार्ति ... ये वदि १२ रोज १ मा
३. ... सिर चन्हाअां. कलकताबाट ‾ ‾ ‾ ‾ मार्फत षरिद भै आयाको
४. (बारुद) केप दा ... ई... मार्फत ... आईपुग्या हुनंन. सो बारुदकेप ती-
५. मिले बुझि लि भर्पाई दिनु. सो माल बोकाउनलाई ज्यालामा जो चाहिन्या कुलिको बंन्दोबस्त
६ गरि बोकाई पका मानिस साथ लगाई चाडो रवाना गरि पठाऊनु. कुलिलाई ज्याला गयाको
७. भर्पाई र हिसाबको कागज पनी सोहि मालका साथ पठाईदिनु र हामिबाट भर्ना होला भ-
८. नि ईत्यादि बिस्तार लेषिबक्स्याका कुरालाई मार्गसुदि १ रोज ५ को ९ घडी दिन बाकीमां कहा-
९. र जना ३ ले बोकि टिनले मोन्ह्याको बारुदकेपको बाकस ३ जांहा आईपुग्यो. बंन्दाबंन्दी बा-
१०. कस ३ बुझि लि दानापुरको ईसमिट कंपनीलाई भर्पाई लेषिदिन्या काम गऱ्यां. जांहाबाट पनी
११. तिनी ३ जना कहारले बोकाई कंपनी रु. ६ बरेवादेषि नेपालस्मको ज्याला दि सिपाहि मान-
१२. विर गुरुंलाई साथ गरि बाटामां आगो पानीले बचाई हिफाजतसाथ लि जानु भनी अन्हाई
१३. आज रवाना गरि पठायाको छ. हजुरमां दाषिल होला औ यो मालहरु बोकि लि जान्या कुलि ज-

१४. ना ३ लाई ज्याला दियाको सकल भर्पाई पनि येहि अर्जिमा षामी चन्हाई पठायाको छ. दाषील होला. ज्यादा
१५. हर्फमा ऊचा निचा पऱ्याको माफ मर्फाई बक्स्या ज्याला ——————————
१६. ताबेदार लेफटेन चतुर्मानसिंको कोटि कोटि सलाम सलाम सलाम शुभ्मं =
१७. ईति सम्वत १९२७ साल मिति मार्गसुदि २ रोज ६ मुकाम बरेवा शुभ्मं = = =

छापमा-

१. श्री
२. चतुर्मान

(१४ सङ्ख्या)

## प्रचण्डजङ्गको वि. सं. १९५५ भाद्रशुदि ५ रोज २ को अर्जी

श्री १

श्रीईस्वर

१

१. बिन्तिपत्र ——————————
२. उप्रान्त गरिप्रवर करुणानिधान्दयासागर धर्मऔतार सर्वसक्तिमान् स्वयेम् ईस्वर प्रभु स-
३. र्कार्का गाथमा – ~ – ले सदा आराम् राषे म अजान् गुलाम् बालष्को जन्मजन्मको प्रतिपा-
४. ल उद्धार हुदो हो. प्रभु सर्कारबाट निघा भयेको भाद्रवदि १२ रोज १ को सिक्षाति सनदको स-
५. दर्सन् भाद्रसुदि ३ रोज ७ मा पाई हरफ्हरफ् पढि सिर चढाजे. करुणानिधान् प्रभु अजान्
६. गुलाम् बालष्ले हिन्दुस्तान्मा दुष पाई सर्कार्धर्मसुर्तिको पाउको सरणमा हाजिर हु-
७. दा अजान् गुलाम् बालष्ले लायाको लुगादेषि बाहेक अरु केहि थीयेन. सो सब् सर्कार्मा जा-
८. हरै छ . दयासागर प्रभु अजान् गुलाम् बालष्को अभाग्ले गर्दा सर्कार्को गुलामि गरि रिझा-
९. ई षान्दाना भने बढउन सकिन. जहान्बच्चा भने सर्कार्को प्रताप्ले बढ्दै गयो. निघा भये-
१०. को भत्ताषर्चबाट बचाई घर बनाउ भने पनि अजान् गुलाम् बालष्को बुद्धि पुगेन. धर्मऔता-
११. र प्रभु ईस्वर भने पनि दैव भने पनि अजान् गुलाम् बालषको श्रीफ सर्कार्होईबक्सोन्छ. सर्वस-
१२. क्तिमान् प्रभु आफ्नो षर्च लगाई घर बनाउन अजान् गुलाम् बालष्को केहि हविगत छैन .
१३. सो सर्कार्मा जाहरै छ. स्वयेम् ईस्वर प्रभु सर्कार्को पाउको सरणमा छु. मारिबक्स्ये पाप् पा-
१४. लिबक्स्ये पुन्न्ये. जो निघा ——————————
१५. लेषक्को कंबेसि अजान् गुलाम् बालष्उपर करुणा रहे अजान् गुलाम् बालष्को ज-
१६. न्मजन्मको प्रतिपाल उद्धार हुदो हो. जो हुकुं मर्जि ——————————
१७. ईत सदा अजान् गुलाम् बालष
१८. प्रचण्डजङ्गको

१९. कोटि कोटि १०८ डण्डवत् १०८ सेवा
२०. ईति सम्वत् १९५५ साल मिति भाद्रसुदि ५ रोज २ सुभ्म् ————

छापमा–

१. श्री
२. प्रचण्डजङ्ग
३. ५२

(१५ सङ्ख्या)

## गुरुराज तर्कराज पण्डितज्यूले वि. सं. १९५५ द्वितीय आश्विनवदिमा चढाएको बिन्तोपत्र

श्री ७

श्रीबागभैरव १ श्रीइन्द्रायणि २ श्रीश्वेतकाली श्रीहरिसिद्धि श्रीसिषालिदेवता ३

श्री ६ गुरुरा-
ज पण्डितज्यू
श्रीतर्कराज पं-
डीतज्यू——
४

१. बिन्तिपत्रम्
२. उप्रान्त गरिप्रवर करुणानिधान् हाम्रा षांगिमा दरियाको षुवा कीर्तिपुर गढभित्र सहरका माझमा अ-
३. घि दर्बार देवालय षडा छदा सो दर्बार देवालयमा आगमदेवतास्मेत् हुनाले बडादसैं चैतेद-
४. सै जात्रा पर्वपर्वमा स्मेत् सो दर्बारबाट देवालयबाट देवीदत्पट्टिका द्वान्या र हाम्रा श्रीमेहेरप-
५. ट्टिका द्वान्यास्मेत् २ द्वान्याले पनि सर्कारका हनुमानढोकाबाट तरवार बक्साइ लगी सर्का-
६. रिया २ थर पूजा ली तरवारसंग लगी सो दर्बारका पश्चीमपट्टीका ढोकामा तरवार राषी द्वा-
७. न्या थरी भलाद्मीहरूस्मेत् बसी पूजाविधि गरी ताहादेषि सीन्धुरजात्रा गरि तरवार अ-
८. घि अघि ¯ १ ¯ का रथ पछिपछि जात्रा चलाई लगी ¯ १ ¯ का स्थानमा रथ पुग्यापछी सो
९. तरवार फर्काइ लगी सो दर्बारका पूर्वपट्टिका ढोकामा राषी काजकाम गरी जात्रा सिद्धि-
१०. येपछी सलामि मोरू १ प्रसाद फलफुल् बोकाको फीला २ स्मेत् तरवारसंगै लगी ह-
११. नुमानढोकामा पुऱ्याईन्या रीत गरी आयाको र १२/१२ वर्षमा ¯ २ ¯ ३ ¯ ¯ का नाच ४ मा
१२. स्मेत् नेगी काजकाम गरी आयाका रहेछन्. तर दर्बार देवालय षडा छंज्याल् दर्बार देवालय-
१३. बाट र दर्बार देवालय भत्केपछी सोही भत्केका पाताल् जगामा बसि सो रीत परीबन्ध ने-
१४. गि काजकामस्मेत् गरी आयाको हुनाले सो काजकाम गर्नुपर्न्या पाताल जगा छाडी
१५. अरू जगामा मकै षोर्सानि रोपी जागीर्दारले षाईपाई आयाको हुनाले सो पाषो ज-
१६. गाबाट न्वागी मकै घोगा २०/२५ षुर्सानी माना १/२ दी जागीर्दार अमाली मानी

१७. आयाको रहेछ. उस्ता जगामा लेषीयाको सो कौनै कुरा जाहेर नगरी पट्ट बाक्षो सुद्ध रंकर
१८. जगा हो. मलाई बीन्हाउने पुर्जि पाया त्रीसाला बाई चौथा सालदेषी आठासन्ह कुत् बु-
१९. फाउला भनि अघि २।३ पटक् चोरीका बात लागी फयाल्षानामा परी कैद भैसकेको
२०. हर्षमान चुकुल्ले फुट्टा बिंति पारी हामीस्मेत् लेषीयाको कौनै प्रमाण नबुझी रपोट् स-
२१. दर गरी बिन्हाउन्या पुर्जि लि सो जगाहरू षनि सो दर्बार देवालयका जग पर्षाल् गान्हा-
२२. को इट् र चोकका ढुंगास्मेत् भत्काई उषेली बेचबिषन् गरेको र १४ सालदेषीका
२३. द्वान्याहरूलाई बीगो डंडस्मेत बुझाऊ भनि र हाल हाम्रा षुवा अमानत् तहसिल् गरेको
२४. हुनाले हाम्रा कारीन्दा स्मेत्लाई कीर्तीपुरबक्यौताले पक्राऊ गरेको हाल सुन्दा भयां-
२५. को बेहोरा लेषी सर्कारमा जाहेर गरेको छ . लेषियाका परिबन्ध विधि सोहि दर्बार देवा-
२६. लय भत्की पताल् भयाका बाझा जगामा बसी गर्नुपर्ने हुनाले सो बाझा जगा बिन्हाऊन
२७. दिन हुदैन. बझघाईदिनुपर्छ. बिन्हाउने ठहरे पनि हाम्रा षुवाभित्रका देवालय दर्बार भत्-
२८. कि बाझो भयाको पाषो जगा आबाद भयाको हाम्रा षुवाभित्र परि हामी जागीर्दारले
२९. षान पाउने पाषो जगा बक्यौताबाट तहसील हुनुपर्न्या होइन.तेसै अडाबाट साधसंधि-
३०. यार भलाद्मी तालुकदार सरजमीन् र रितिथितिस्मेत् फीकी बुझी लेषीयाको परि-
३१. बंध विधि सोही दर्बार भत्कि पताल भयाका बाझा जगाबाटै गर्नुपर्न्ये साचो रहेछ
३२. भंने अघि रपोट् सदर भै बिन्हाउने पुर्जि भयाको छ तापनि सो पुर्जि षिचि बिन्हाउन
३३. नदि बझघाईदीनु. लेषियाको बेहोरा ठहरेन र बिन्हाउन हुने ठहर्‍यो भने जागीर्दारका षु-
३४. वाभित्रको पाषो जगा जागिर्दारले षान पाऊन्या सो जगा थामिदीनु . किर्तिपुरबक्यौ-
३५. ताबाट १४ सालदेषीको बाली बिगो डंडमा पक्राऊ नगर्नु . थुनियाका द्वान्याहरुला-
३६· ई स्मेत् छाडीदी लगत् काटी दी सर्कारीया सो ढुंगा इट् बेचबिषन् गरेको बिगोस्मे-
३७. त् सर्कार दाषील गर्नु भंन्या किर्तिपुरबक्यौतालाई तेस अडाको पुर्जि गरी दीनु भं-
३८. न्या सदर्दफदरषानाका नाऊमा प्रमांगि गरिबक्स्या हुदो हो. जो मर्जि---
३९. – ७ – को आसिर्वाद——————
४०. इति सम्वत् १९५५ साल दु. आश्वीनवदी रोज शुभम् ——————————

(१६ सङ्ख्या)

## ज. डम्बरशमशेर जङ्ग राणा बहादुरले वकील कम्यान्डर कर्णेल बहादुर जङ्ग राणालाई वि. सं. १९६३ भाद्र २६ गते सोमवारको दिन लेखेको पत्र

१. श्रीजनरल डम्बरसम्सेर जङ राणा
२. बाहादुरबाट-----

श्रीभाइ वकील क. कर्णेल्
बाहादुर जङ राणाके–

३.
४. शुभ आसीष्

५. उप्रांन्त तीमीले कंपनी रु. दुइ हज्जार २००० को हाफ् लोट् कीत्ता १६ आइ-
६. पुग्यो भंन्या बेहोराको भाद्र २१ गते रोजमा चढाइपठायाको बिंतीपत्र हाम्रा
७. हजुर दाषील् भै जाहेर भयो. ——— ——— ——— ———
८. हाल षरीद भयाको घोडा सवारले फेर्न लायाकोमा घोडाको अगाडी २
९. षुट्टामा ठुलो चोट् र पछाडी २ पयेर बात्रा आषामाथीमा स्मेत् सानु चोट्
१०. लगाइ अरु मानीसको हातमा घोडा दोराइ सवार भागी गयाको हुनाले
११. घोडा त्राम वा बगीको ठकर षुवाइ येस्तो बेहीसाबसंग चोट् लगाइ पठाइ-
१२. दीदा सवारलाइ पक्रन पठायाको छु भनी लेषेको देषदा हामीलाइ बडो
१३. अपसोच लाग्यो. भाइले असल तवरसग आफ्ना तबेलामा राषी अ-
१४. लगडाका सवारमार्फत् फेर्न लाउनन् भनी सवारलाइ फेर्न लगाइ राषनु
१५. भंन्या बेहोरा लेषेकोमा दुलुवा सवारलाइ फेर्न लगायेको बुझींछ. अलगढाका
१६. सवारमार्फत् फेर्न लगायाको भया तेस्तो बेहीसाब हुने थीयेन की भनी
१७. हामीलाइ बहुतै अपसोच लाग्यो. ——— ——— ———
१८. सो घोडा फेर्ने सवारलाइ भरसक् गरी पक्रन लायेको छु भनी लेषेको-
१९. लाइ तेस्लाइ पक्रदा के फल पाउछौ वा कुन फाइदाले पक्रनालाइ
२०. कोसीस गरेको हो. सो पनी षुलासा लेषी पठाउने काम गर्नु. ———
२१. घोडाको चोट् नीको गराउनालाइ औसधी गराउन लायेको छु. १०।१५
२२. दीनमा नीको हुन लाग्छ भनी डाक्टर भंछ भनी लेषेकालाइ सो चोट्
२३. हाडैमा स्मेत् लागन गयाको हो की छाला मात्र षुइलीने गरी चोट्
२४. लागेको हो. सो षुलासा केही नलेषीयाको हुदा केही बुझ्न सकीयेन.
२५. सो घोडालाइ औसधी गराउनालाइ भाइबाट आफ्नै तबेलामा राषी वा
२६. अलगढामा पठाइकन पनी जाहाबाट हुंछ. कीफायत् गरी नीको हुन
२७. सक्छ. तिमीले तजबीज गरी औषधी गराउन लाउनेछौ. ———
२८. कंपनी रुपैञा दुइ हज्जार २००० को हाफ् लोट् कीत्ता १६ पनी यसै—
२९. मा षामी पठाइबक्स्याको छ. तीमीछेउ आइपुग्यापछी हामीबाट
३०. अघी पठायाका फीरीस्तमा लेषीयाबमोजीम्का कंपनीहरुलाइ दी
३१. बाकी तिमीसगै राषने काम गर्नु. ——— ——— ———
३२. जाहा हाम्रा गाथमा आराम छ. ——— ——— ———
३३. ६३ साल भाद्र २६ गते रोज २ शुभ्म् ——— ——— ———

(१७ सङ्खया)

## काशीदत्त पण्डितको अर्जी[1]

९

श्रीमिनिष्टर साहब्

१. अर्जी

२. उप्रांत्त गरिपरवर पश्चिम्तरफको षबर आजका २७ दिन भित्र आयाको

३. षवरमा जनरल १ कर्णेल २ घोडाचढा रिसाला जवान् ११०० पल्टन् ३ कप्ता-

४. नहरु पनि धेरै सिष्तरफका फौजले मारिदियेछ. अंग्रेजको केहि फौ-

५. ज रातमा नदि तरि जाउ र किल्लामा २४ पत्तिका तोप २ चलाउ. कि-

६. ल्ला २ उडाइदिउ. येक तरफ लडाइ हुदै रहोस् भनि गयाछन्. घा-

७. ट छोडि तल्लातरफबाट नदि तरौ भनि पस्याका नदिमा किच-

८. ड् धेरै हुनाले नदिमा घोडा मानिस् तोप् धेरै गडयाछन्.

९. जनरल थोडै मानिस् पार लाग्याका रह्याछन् .उस्तै वेला-

१०. मा मुलराजका विकट्ले थाहा पायाछन र हल्ला गरि आ-

११. इ जनरल गैन्ह फौज जो थियो . सभैलाइ मारि गयाछ-

१२. न्. मंमै हाताको फौज भन्या धेरै साफ भयो · तीनै हा-

१३. ताका गरि ज्मा इनको फौज ५६ पल्टन मात्र रह्याका छ-

१४. न्. अरु मुलुकमा पहरा चौकिवाला मात्र छन् . यस्तो

१५. भैरहेछ . अब बारंबार छापैले बहूत फौज षजानाको

१६. षरावि हुदा कम्यांडरइनचीफ जनरलले छातिको बो-

१७. तां पनि षोलि पल्टनीआं जनरल कर्णेल गैन्ह कंमा–

१८. नवालालाई साथ लि टोपि पनि हातैमा लि येकै

१९. हल्ला गर्नाको विचार गन्याको रहेछ. भयो हो. तेस्को

२०. षबर ५।७ दिनमा आइपुग्यापछि जो सुन्याको लेषी

२१. चन्हाइ पठाउला. गोराहरु सान्है उदासीमा छन्. यो ष-

२२. बर - - - - का हजुरमा यो अर्जी बिजिनिस् चन्हाइ पठा-

२३. या जाला. विज्ञवरेष्वलमतिविस्तरेण. मिति मार्गशु-

२४. दी ८ रोज २ शुभम्

२५. सदा सुभचींन्तक कासीदत्त पंडीतको चतुर्वेदोक्त सुभ आ–

२६. सीर्वाद सहश्रशुभं

[1] १. यस लेखको शुरुमै राख्नुपर्ने यो पत्र भूलले माथि छुटेकोले यहाँ राखिएको हो ।

(फट्केमा)

१. अर्जी लेषी सक्याप-
२. छि सुन्याको षबर
३. मंमै हाताको अघी
४. आयाको फौज मारि-
५. यापछि वाहिका जन-
६. रललाइ जो भयाको
७. पल्टन् लि आउ भनी
८. कम्यांडरइनचीफ्
९. जनरलबाट लेषी
१०. गयेछ र जहाज्मा
११. चढि मंमैबाट आ-
१२. याछन्. पछि पुर्वबा-
१३. ट धेरै फौज पुगी
१४. गयो. तिमि फिरि
१५. आफ्नै जगामा जा-
१६. उ भंन्या कुरो लेषी
१७. जादा मंमैका ज-
१८. नरलले कबोल
१९. गरेनछ. पहिलो ल-
२०. स्बर हांम्रो छ. हामी
२१. लडौला भंन्या जवा-
२२. ब् लेषेछ र आप-
२३. सैको षड्बड् पनी
२४. पऱ्याको छ शुभं—

( १८ सङ्ख्या)

## मखनटोलपाठशालाको नियम

श्री

श्री ५ सर्कार

श्री ३ सर्कार

१. नेपालपाठसालाबाट
२. मषंनटोलका पाठसालाका पंडितके ———————————————
३. पाठ्सालामा रोजरोज झाड्बडाड् साफ् सनित्त र वीछयाउना लगाउन, लगाइ पाठ्साला-
४. मा जो परि आयाको कामकाज टहलुवालाइ गर्न लगाउनु ——————— १

सो पाठ्सालामा रह्याका पुस्तक् कीताप भाडा विछ्याउना मालमत्ता जो छ. हराउन र नोक्सान् हुन नपाउन्या गरि तिमिले र टहलुवाले हिफाजात् राषन लउनु. लेषियाबमोजिम् पाठ्सालामा रहेको मालमत्ता जो छ हराया भने सो नोक्सानि तिम्रा र टहलुवाका घरघरानाबाट दामासाहीको हिसाबले तीर्नुपर्ला.—२ पाट्सालामा रोज १० बजे हाजिर भै वीद्यार्थिलाइ बीचमा आध घण्डा षाजा षाननिमित्त छोडिदिनु– ३ सो विद्यार्थिको पैला दोश्राको रोल मिलाइ नाउ थर लेषियाको फाराम कागज रोजरोज हाजिर काज बेरामि गैल जो छ जनाइ लेषनु.— ४ विद्यार्थीहरुले ठग्याजि गरि पढन आयेनन् र गैल पऱ्यो भन्या टहलुवालाई पक्रन पठाइ पाठ्शालामा ल्याइ तिम्रा तजबिजले हपकाइ दपकाइदपकाइ थुनि पाट् नआयासम्म पाठ् घोकन लगाइ छोडिदिनु.— ५ विद्यार्थि बेरामि भयो. आमा बाबु वारिस् भयि लेषि पठायो बुझि १ दिनसम्मलाइ बेरामि जनाइदिनु. १ देषि बढ्ता म्याद दीनु भन्या फेरि जाचि २।४ दिनलाइ म्याद दिनु. सो म्यादमा आउन नसकि धेरै दिनसम्म बेरामि हुने ठहऱ्यो भन्या नेपालपाठशालामा साधनु र जवाफ् भयाबमोजिम् गर्नु — ६ बिद्यार्थिहरुको काम परि आयामा १ दिनदेषि ३ दिनसम्म र १ दिन तीम्रा तजबिजले बिदा दिनु हुन्छ. ताहादेषि बढता बिदा दिनालाइ तपसिल्मा लेषियाबमोजिम् बिदा दिनु. तेस दिनदेषि बढता अरु काम् परि आयो भन्या तिमीले ठहराइ नेपाल्पाठसालामा साधनु र काम्अनुसा(र) पाउन्याछ. — ७ जागीरदार पंडित् वीद्यार्थि टहलुवालाइ सर्कारिया उर्दि पुर्जि आयो भन्या पाठ्शालागोस्वाराका किताप्मा जनाउन लगाइ उर्दि पुर्जिबमोजिम् गर्नु गराउनु. – ८ पढ्न्या पढाउन्या बषतमा पंडित् वीद्यार्थिहरूसग कोहि मानिस आइ कुराकानि गर्न र अलमल्याउन नदिनु. गऱ्यो भन्या निकाला गर्न लगाउनु. — ९

बीदा छुट्टिका दिनको तपशिल्

| | |
|---|---|
| — — — ३ का जन्मोट्सव दिन | — १ |
| — — — ५ का जन्मोट्सव दिन | — १ |
| पण्डीत लडकाको जन्मोट्सव दिन | — १ |
| इन्द्रजात्रामा अंग्रेज आउन्या दिन | — १ |
| ऐ. मा गाद्दिमा राजहुन्या दिन | — १ |
| घटस्थापना दिन | — १ |
| फुलपातिदेषि पुर्णेसम्म दिन | — ९ |
| यमपंचक् दिन | — ५ |
| घरमा न्वारन् र पाश्नि गर्दा दिन | — १ |
| दरबारको फागु दिन | — १ |
| सरस्वतिपुजा दिन | — १ |
| गाइजात्रा दिन | — १ |

४१. कृस्नाष्टमि दिन — १
४२. सिवरात्रि १ श्रीपंचमि १ रामनवमि १
४३. चैत्रअष्टमि १ साउने संक्रान्ति १ माघे
४४. संकान्ति १ वैसाष लाग्ने संक्रान्ति १ हरि
४५. सैनी १ हरिबोधनि १ जनैपुर्न्ये १ गुरुपुर्ने
४६. १ स्मेत् ज्मा ढिन — ११
४७. एकभक्त दिन — १
४८. स्राधका दिन — १

(१९ सङ्ख्या) [1]

## मूँगाबाईले पठाएको अर्जी

१. अरजी
२. उप्रान्त १ साल व्यतीत हो गया. सूर्य्यनारायन-
३. सिंह छोटे बेटेके कुशल प्रसन्नताका कुछ बृतान्त मालू-
४. म नहीं हुआ. १ चाकर इहांका साथमे था. वह भी श्री ५
५. सर्कारी सवारीसे जंगलमे छोडके भाग आया. पांच चार
६. चीठी भी रवाना किया. कोई जवाब नही आया. चित्तको
७. बडा खेद है. ताबेदारको सब तरहसे भरोसा हजूरके चर-
८. नका है. इसवास्ते बिन्ती करती हूँ. खाविन्दीकी नजरसे
९. सूर्यनारायनसिंहको आज्ञां बकसी जाय और समक्षादि-
१०. या जावे कि अपनी कुशलक्षेमका समाचार लिखा करैं. हु-
११. जूर परमेश्वरसमान है. केवल हजूरके चरनके आसरेसे बे-
१२. टेको वहां छोड रखा है. बारंबार यही बिन्ती करती हूँ कि उ-
१३. सपर पालना और रक्षाकी दृष्टि सदा बनी रहै. जिस्से उ-
१४. स्का प्रतिपालन औ मेरी आत्मा सन्तुष्ट होय. ज्यादा
१५. क्या अरज करैं. परमेश्वर हजूरका राज्य सदासर्बदा
१६. अचल बना रहै. परमेश्वर सूर्य्य धन औ प्रतापका प्रज्व-
१७. लित रहै. शुभम्
१८. ताबेदार मूंगाबाई अत्यन्त बिन्ती
१९. औ प्रार्थनासे आदाब तसलीमात
२०. अरज करती है. हजूरके चरनमे क-
२१. बूल होय. शुभम् ॥

१. यस निबन्धको शुरुशुरुमै राख्नुपर्ने यी तीन पत्र माथि राखन छुटेकाले निबन्धको अन्त्यमा राखिएका हुन् ।

(२० सङ्ख्या)

# अङ्ग्रेजको मदतको लागि गएको नेपाली फौजका अफिसरको अर्जी

श्री १

श्री ३ महाराज १ | श्रीसर्कार् २

१. अर्जि — — — — — — — — — — — — — — — — — — — — — — — — —

२. उप्रान्त अरु जांहाका बिस्तार पौषसुदि ९ रोज ६ मा चढाई पठायाको अर्जिबाट जाहेर भयो होला औ जांहाबाट टे-

३. हरामा आयाका दुस्मन्लाई हांन जांनुपर्छ भंन्या बेहोरा अघि लेषी चढाई पठायाको हो. यस कुरामा लेफटेंट कर्णेल रा-

४. टं साहेब र गोरा पल्टंका कर्णेल इबिल् साहेब इ दुइ जना पौषसुदी ८ रोज ५ का दिन बिहानका ४ घडी दिन चढदा

५. मेरा डेरामा आया र भोलि ज्यूउनपुरदेषी ५ कोस पश्चीम् बाछापुर भन्याको जगामा गोरा पल्टं पनी जांछ. तिम्रो पल्टं पनी

६. भया बेस होला भंन आया र मैले यो कुरा बढीया हो भोलि हामि पनि कुच गर्छुं भनी ज्वाप् दीन्या काम गर्‍यां. हाम्रा पल्टं-

७. लाई चाहीन्या षजाना गैन्हको भारी हाली बिरामीहरुलाई ज्यूउनपुर किल्लामा राषी किल्ला कुर्न्हालाई ४ पल्टंका

८. यक् यक् पट्टी राषी पल्टंका असबाब लदाउनालाई गाडा हाति सबै कुराको बन्दोबस्त गराई कुच हुनालाई तयार

९. भैरह्याका थिञुं. अघि गोरा पल्टं लि आजमगढमा गयाका जनरल फिसन साहेब आजमगढ पुगी गोरा पल्टं रा-

१०. षी डाकमा फेरी ज्यूउन्पुरमा साफ्का बषत्मा आईपुग्याछं र जनरल साहेब(ले) आज कर्णेल साहेब यक छिन् जांहां

११. आईदिया बेस होला भनी पठायाछंन् र म र लेफटेंट कर्णेल इन्ड्रसिं षतृ गञौं. जनरलसित भेट् मुलाकात

१२. भयो. गोरा सिपाही आठ् सय र गोर्षालि सिपाही हज्जार ज्वान् गरि तिन मोहडा गरी राषी अंल्हे जगाज-

१३. गामा रोकन्या काम् गरि पछी बढन्या काम् गर्‍या बेस होला भन्या. आजमगढमा रह्याका गोर्षालि पल्टं-मध्ये

१४. हज्जार ज्वान् वाहा थामी बाकी जाहां ल्याञा भन्या. जांहा पनी पल्टं फोरफार गर्न्या तौर कुरा गर्‍या र गोरा सिपा-

१५. हीहरु नसा ज्यादा षांछन्. हाम्रा सिपाहीहरुसित केही सानासाना कुरामा तक्रार पर्न गयो भन्या पछी

१६. बिगार पर्न जाला. बरु गोर्षालि फौज यकै मोहडा राषीदिया बेस होला. तिमिले सल्लाह दियाबमोजी-

१७. म् गोराबराबर काम् गर्न्यैछं. सानासाना कुरामा सिपाहीहरुको तक्रार भै बिञास् पर्न नजावस.

१८. साहेब तिमि जो सल्लाह दिंछौ भनी मैले भंन्दा उसो भयादेषी भोलिको दिन् कुच् माकुप गरी पसि

१९. जो माफीक् गर्नुपर्ला सो गरुला भनी जनरल साहेबले भन्या. जो माफीक होला. लेषी चढाई पठाउन्या
२०. काम गरुला. येसै दिनका राति ४ घडी रात जादा आज हाम्रो बडा दिन् छ. साहेबबानहरु पनी सबै
२१. मिस्कोट्मा ज्मा भयाका छं. कर्णेल साहेबहरु अरु मेजर साहेबहरु यस् बषत्मा आयादेषी बढी-
२२. या होला भंन पठाया र म र लेफटेंट कर्णेल इन्द्रसिं षत्री मेजर कपतान् सिवसंषर पाध्या मेजर कपता-
२३. न् उदैसिं बोगटीस्मेत् हामी ४ जना गञौं. मिस्कोट्मा साहेबबान्हरुको षान्या वेला पन्याको रहे-
२४. छ. लेफटेंट कर्णेल राटं साहेब बाहीर निस्की हामीहरुलाई बहुतै षातीर गरी भित्र लग्या. भेट्
२५. मुलाकात् भयो. जनरल फिसन् साहेब हिंदुस्थान्मा उत्र्याको भन्या ढेरै भयाको रहेछ. तर गोरा
२६. पल्टंमा मात्र रह्याको हुनाले हिंदुस्थानीको बोली जांदा रह्यानछं. म हिंदुस्थानी कुरा जांदैन. ति-
२७. मिहरु अंग्रेजी जांदा रह्यानछौ. हिंदुस्थानी कुरा मैले जान्याको भया आज तिमिसित ढेरै बिस्तार
२८. हुन्या थियो भन्या. आजम्गढके हौस्ष्टरी तोप २ बैलले घिसार्न्या तोप ४ जिउन्पुरलाई ९ पंनी घो-
२९. डा लाग्याको हौस्ष्टरी तोप ४ बैल् लाग्याको पंनीको तोप् ४ अठार पंनीको हौजर बेल लाग्याको
३०. २ बम् २ आउछं. यक् मोहडा — — — १ — — — गोरषपूर्बाट बढ्दछं. यक मोहडा मैरुवाबाट गोरा प-
३१. ल्टं र तिम्रो गोर्षालि पल्टं बढ्छ. यक मोहडा आजम्गढबाट बढ्छ. यक मोहडा तिमि जिउन्पुरबा-
३२. ट बढ्छौ. यस्तै गरी पश्चीम्तर्फ प्रयाग कानपुर गरि ३ मोहडा गरी बढ्न्याछ. येही तौरसंग दुस्मन्-
३३. का उपर बढदा जस्तै माझीले माछा छेकि छेकि मार्छ. तस्तै इ बढयाका दुस्मन्लाई छेकि छेकि मारी-
३४. न्याछ भन्या. जब षाना षाईसक्याथ्या. पछीबाट सबै साहबान्हरु उठी प्याला हात्मा ली बिटुरीयाका
३५. नाउमा सलाम् गरि होरे होरे गन्या. फेरि १ घडीपछी सबै साहबान्हरुले हातमा प्याला लि यस्तो
३६. कुरो बोल्या. कस्तो बोल्या भन्या अघि — — — १ — — — बाट हामिहरुलाई दोस्ति जानि मद्दत् दिदा हा-
३७. मिहरुले — — — — — २ — — — — — जानी वरलमा सलामी गन्याथ्यौं. आज हामीहरुलाई रक्षा गर्नानि-
३८. मित्त आफै — — — १ — — — नेपालबाट पालनुभयो भन्यापछी हामिले यकै — — — — २ — — — — जान्यौ
३९. भनी सलाम् गरि नाना तरहका आसीरवादरुपी जै मनाईकन सलामी गरीकन होरे होरे गन्या. मिस्को-

(२१ सङ्ख्या)

## श्री ३ महाराज जङ्गबहादुर कुँवर राणाजीलाई भीमप्रकाश शाहींले लेखेको अर्जी

श्री१

| श्री ३ माहाराज | श्री ३ माहाराज जङ्गबाहादुरा राणाजि |
|---|---|
| १ | २ |

१. (अर्जी) — — — — — — — — — — — — — — — — — — — — — — — — — — — — —

२. ... (व)र्षदेखि काहिला साहेबज्युको चाकरि गरि पेटखातिर रहाको. तर ज्यान साहाका छोरा दल-प्रकास साह

३. ... मैना खाई दुख काटिरहाको छु. ¯ १ ¯ प्रभुको हुकुम भये नेपाल आई हजुरको पाउपोस् उठाई
४. ... सिलसिलादेखि रहन पाया गति पर्दा हुं. ईनको चाकरि गरि रहनु धिकारै छ. बरू त
टुपि काटिदि-
५. ... हाल र येस्तो छ कि सपनि रामनगरे राजाको नाखै काटियो. काहिला साहेबज्यूले सारै ...
६. ... अर्को साल् काहिला साहेबज्युले मेरो मैजा विवाह गर्नु दिनेछू भंने बाहिर सुनाई लाज ....
७. ... रहेछन्. येताबाट तर यो हाल गुप्त जो छ. सो दुनियालाई ...
८. ... मा दुनिआमा पनि था हुन जानेछ. ¯ १ ¯ ¯ प्रभु असल हा ...
९. ... अमृत मल्ल कुमेदानका छोरालाई दिन भनि तैयार्भाका ...
१०. ... लाई दिंछु भनि चिठि लेखि पठायेछन. राजाले र काहिला (साहे)बज्यु(ले) ...
११. ... रछ. म विवाह गरूला भनि चिठिको जवाब लेखि आफनु मानिस रामन(गर) ...
१२. ... उ नजादा मैजालाई लियेर आउंला. तसअर्थ राजा रामनगरेका ...
१३. ... बगैचामा बसे. काहिला साहेबज्युलाई देखाये. मैना दिनसम्म रामनगरे ...
१४. ... गमा बसि र धेरै चोटि मैजालाई काहिला साहेबज्युसित मुलाकात गराई देखायेका
१५. ... (अ)ब त साहिपाटा लाउनुहवोस् भनि रामनगरे राजाले र मैजाले काहिला साहेबज्युसित
१६. ... गफ जवाब दिये कि तिम्रो छोरि मैजा मलाई पसंन्द छैन म बिवाह गर्दिन भनि ज(वाब)
१७. ... ठेका ... त गो भनि मैजा राजा रामनगरको छोरि मैजाले ईनारमा फाल हाल ...
१८. ... (राम)नगरे राजाले आफुनु छोरि मैजालाई संझाये कि अँले त्येसो नगर. अँले यो कुरो जाहेर गर्नु ...
१९. ... (अ)ब आहा ढिल गर्नु पनि छैन. रामनगर जाउ र त्यो अमृत मल्लको छोराको साहिपाटा जो ढोकामा
आफालेर
२०. गईरहेछ. तेसको त्यो आफालिदिउ र त्यो पर सारि केहि दिन् चुपो लागि वोहापछि काहिला साहेबज्युको उप-
२१. र नालिस् गरू र उसो भये काहिला साहेबज्युको बोलने ठाउ मिलोईन. अँले आहि गरू भने साहिपाटा छ. का-
२२. हिला साहेबज्युलाई बोलने ठाउ मिलनेछ. तसअर्थ तेति साहिपाटा पर सारि वोहापछि काहिला साहेबज्युको
२३. उपर सदरमा नालिस् गरि पनि फक् मारि तिनिले विवाह गर्नु पनि पर्ला और आफुनु घर पनि लैजान न-
२४. पाई माईतै राखि षर्च पनि भरजिन्दगि मैजाको भराउंला. ति २ लाख षर्च गर्लान्. म ४ लाख षर्च ग-
२५. रि काहिला साहेबज्युलाई तमासा देखाई छोडुला भनि राजा (रा)मनगरे उसै दात बाधि उठेर गईरहेछ-
२६. न. राजा रामनगर सारै रिसायेर गये. ¯ १ ¯ ¯ प्रभु रामनगरे राजालाई अमृत मल्लको पाप लाग्ये. तर अक
२७. पनि रामनगरे राजा र मैजा भंछन् कि अमृत मल हाम्रो शत्रु हो. तेसले बोक्सि लायो. तेसलाई जवाब दि-
२८. याकै छ. काहिला साहेबज्यु र तर म आजु तर के गर्नु ईनलाई सुर फेर्नुपऱ्यो भंछन्. तर यो हाल जसले मे-
२९. रो लसकरमा बोलला मारनेछु भनि रामनगरे राजाले अक ढाकछोप गऱ्याछन. तर कतिनज्याल् छि-
३०. पला. ¯ १ ¯ प्रभु ई काहिला साहेबज्यु सारै पापि बेईमान् रहेछन्. ऐहि हाल देखदा चाकरि येस्ता
गर्नु धिकार छ.
३१. ईनको के विश्वास भनि ईन्को नोकरि छोडिदिये हुकुम भये नैपाल हाजिर हुदा हुं. जो हुकुम्. ¯ १ ¯
प्रभु का-
३२. हिला साहेबज्यु सारै डराको छन भित्रः राजा रामनगरेले मलाई सदर गरि नाहक् डाड तिर्नुपर्छ कि भनि.
बाहिर भनेलौ
३३. त्यो राजाले सदरमा नालिस गरे म ¯ ¯ २ ¯ ¯ सित कराउंला. त्यो मैजालाई बिवाह गर्न प्रयोजन छैन

भनि कराई जितुला

३४. ... और राजा रामनगरे र भंछन कि मैले त येस्तो भो भनि सब हाल नैपालमा जाहेर गर्नु त बरू सेरियेर मरू-

३५. (ला) ... हुदै हुदैन. कहे तो मा मारे न कहे तो बाफ कुत्ता खाये भने उखान मलाई पऱ्यो. पाहाडमा यो बात जाहेर

३६. ... उन काबिल रहनेछैन भनेपछि के गरू. नैपालबाट येसो हो कि भनि सोधे पनि होईन भनि

३७. ... बरू त अर्कै बेहोराले पो लेखनुपऱ्यो. जो गर्नु बरू सदरैमा फैसला गरूंला. पाहाडतिर त नाउ थाम-

३८. (नु) ... भंछन. तर ईनहरूको सारै धुमधाम सदरमा हुने तबर छ. केहि दिनमा नजर होला. गुलामले अर्ज गरेको हा-

३९. ... को असल हाल अर्ज गरेछु. मलाई काहिला साहेबज्युको के डर छ र हाल छिपाउं. आखिर तनिक् लि-

४०. ... र अक्लम्म काहिला साहेबका नौकरहरू जो था पाउनेले डरले गुप्त राष्याको छन्. मैले त चरनमा जा-

४१. (हेर) ... हजुर मालिक् अरू कसैको डर छैन और काहिला साहेबज्युको मानिस जो पहिले चिठि लियेर

४२. (रामन)गर जानेलाई राजाले आफ्नु तरफ मिलाई गोहाई तुल्याउनलाई सङ्ग लगि राखेछन्. न था पाउने र काहिला सा-

४३. (हेब)ज्युले पठाये भंछन्. काहिला साहेबज्यु र त्यो मानिस् फुटेर राजासङ्ग मिलदा चेत भै रहेछन्. चरनको दर्स-

४४. (नमा आ)उनु मेरो प्रारभदमा रहेछ भने ईनका भित्रको सब हाल अर्ज गरूँला. शुभम्: मिति चैत्रवदि ९ रोज ६

४५. मुकाम बनारस् महल्ला रामापुरा

४६. इत सदा सेवक् मोहनविर साहिका माहिला

४७. छोरा भिमप्रकास साहिको कोटि कोटि डन्दवत् ३ सेवा ३

०—०

# यति गरिदिनुभएकोमा
# श्रीशरद्चन्द्र शर्मा भट्टराईजीलाई धन्यवाद छ

**—नयराज पन्त**

**नयाँ पाठशालामा भर्ना भयाका २५ साल आश्वीनवदि १० रोज मा ६ गते २९ देषी तलब षान्या जवान २३ के मोरू १८८४।**

| असामि | जवान | दर मैन्हा १ के | तोक वर्ष १ के |
|---|---|---|---|
| पंडित | | | |
| निलदेब पंडित | १ | ५० | ६०० |
| साबिक तलब लि आउन्या | | | |
| वाचस्पति पंडित | १ | २५ | ३०० |

(निजामती किताबखानाको ढड्डाबाट, प्रज्ञा ५३ पूर्णाङ्कको ५५ पृ.)

वि. सं. १९२५ मा नीलदेव पन्त तथा वाचस्पति पन्त सरकारिया पाठशालामा पण्डित भइसकेका रहेछन् । यो कुरो मलाई थाहा थिएन । यस कारण मैले "सरकारी पाठशाला नखुल्दै वाचस्पतिले आफूले पाठशाला खोलेका थिए" भनी पूर्णिमा २५ अङ्कको ४२ पृष्ठमा लेखेको थिएँ । यसको खण्डन प्रज्ञा ५३ पूर्णाङ्कको ५० पृष्ठमा शरद्चन्द्र शर्मा भट्टराईबाट भएको छ, त्यो स्वागतयोग्य छ । यति गरेकोमा शरद्चन्द्र शर्मा भट्टराईलाई धन्यवाद छ ।

o—o

# विजयपुरका राजा महीपति सेनले भक्तपुरका राजा भूपतीन्द्र मल्ललाई लेखेको अप्रकाशित पत्र

—दिनेशराज पन्त

राम १

श्रीलछ्मीनाराएन वाराहजीव

१. ।। स्वोस्ती श्रीम्तपसुपतीचरनकमलधुरीधुसंरीतसीरोरुहाम्नमाहेस्वरीदेवतावरलब्ध-
२. प्रसादीतरघुवंसअवतारदेदीव्यमानमानोन्तनेपालभुमंडलाषंन्डलमाहाराजधी-
३. राज श्री श्रीजअमुपतीइंद्रमलपरमभटारकानां सदा समरवीजैनाम् ।।इतोः।।स्वो-
४. स्ती श्रीरुपनाराऐनत्यादीवीवीधवीरुदावलीवीराजमानमानोन्तमाहाराजश्रीहीन्दुं-
५. पतीराजराजेस्रमाहाराजधीराज श्री श्रीम्तमहीपतीसेनीराजराजेद्रदेवानां स-
६. दा समरवीजैनाम् के प्रर्मालीगनपुर्वपत्रमीदं काज्जं च. इहा कुसल. राउर कुस-
७. ल चाही. जे पम्मं आनंद होऐ. आगे राउर पत्र आईल. अर्थ बुझ्ल. आग्या आइंल. जे गौ-
८. डागौरगा ऐक ठेकानाकै भेजल जाइह. सेइ वस्तु मेहनतीकै मगावल है. से रौरा-
९. क बदले तैआरबाट ठेकाना कहा जतीका राउर भरौसा हरीतरहसौ राषीला औ
१०. आपन बीनती अगाउ लीषलेरहै. ताकर जबाब ऐको नाही लीषल भैल से हम का-

११. हातक लीखही. रौरा मीत्र होषी भरौसा जानी बीनती लीषलरहै. ताकर गौर न भैल
१२. तौ चारा कां. हम इ वस्तु मीतजीक बदले राषल है. हमरो बीनती लागे. रौराका जस
१३. है. देसभरी राउर रहैला औ हमारो बीनती रहैला. भाइभाइक बन्दोबस्तक हुकु-
१४. म आइल. से नीक लीषल भैल. रौराक करत सभ काम होला. जौ षामषाह् मो(के) अ-
१५. ग्या होला. तौ केसौ थापा जुवानी बीनती करीहही से मनजुर राषल जाइंह. इती तः
१६. २ सुदी जेठ मोः सीधपुर

(छेउमा)

१. पत्रचीन्ह रुपैआ

२. १)

(परराष्ट्रमन्त्रालयको ३८ सङ्ख्याको खाममा यस पत्रको नकल छ ।)

# श्री ५ राजेन्द्रकी कान्छी रानीसम्बन्धी अप्रकाशित छवटा पत्र

—दिनेशराज पन्त

(१ सङ्ख्या)

१. सं १९०६ साल आषाढशुदी १० रोज ७
२. आगे श्रीसाहीला भाई श्रीकाहीला भाइप्रति. तिम्रा मुमालाइ कालीदास्का
३. भाइले दलबहादुरसंगको व्यभीचार हुदामा ३ मैन्हाको गर्भ तुहायाको म
४. थाहा पाउछु भनी हाम्रा हजूरमा बींति पार्दा तिम्रा मुमालाइ फीकाया-
५. को हो. तीम्रा मुमांले ६ मैन्हासम्म नआउदा र बना (र) स्मा रहेका भलाबुरा तीमरा नोकरीमा रहेका अरुले पनी येहि कुरा जत्रतत्रबाट बक्ता साचो रहेछ भंन्या सबैका मनमा पऱ्यो. तसर्थ
६. तिम्रा मुमालाई हाम्रा मुलुक्मा रहन्या हाम्रो आसा राषन्या पर्वत्याह-
७. रुले षानपान गंधाअक्षत नगर्नु भनी हड्कीवक्स्यौं. तिमीह-
८. रुले पनि भोरमा षान्पान् गऱ्याका कुरामा धर्माअधीकारको प-
९. तिया लिहाल्. पतिया नली मायामा काया हाल्यौ भन्या पछी
१०. तिमीहरुको बीग्रला. (ति)मरो र हामरो भात्भानसा
११. जात् पीड जुठो फरक भयो. पतीया लीयौ भन्या भात्भा-
१२. न्सामा फरक भयेनौ. जस्ता अघी भाइ छौ. तस्तै
१३. छदैछौ. राणा रजपुत् हुं गोर्षाको पैदा हो भने आफ-
१४. नु ज्मार्मदि थामौला. मावलीगोत गये-
१५. छौ भने हामी-

१६. देषो फरक् भयौ.

(पछिल्तिर)

रणेन्द्रवीक्रम साह श्रीविरेन्द्रवीक्रम साहके आवी (बना)रसमा गयाको चिठीको मसौद।
आषाढ मैन्हा

(परराष्ट्रमन्त्रालयको १६५ सङ्ख्याको खाममा यस पत्रको नकल छ।)

(२ सङ्ख्या)

श्रीः

१. संबत १९०६ साल मिती भाद्रशुदि २ रोज २ श्री ५ बुढामहाराजाका बाहु-
२. लीबाट भयाका जर्दमोहरको नक्कल्
३. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का—
४. आगे जैसींकी बहिनीके यथोचीत्. भाद्रवदी ¯ रोज ४ का दिन चऱ्हा-
५. इ पठायाको अर्जी मेरा र श्री ५ नानी महाराजाधिराजका हजुर हाजीर भयो. जाहासम्म जाहा तलाई आइज
६. भन्दा तैले आइनस्. तलांई तेरो पानी बंद गरी पठायाको हो. तेरा दुस्म-
७. नले गरी गऱ्याको होइन. दुइ सर्कार येकै दोलैचा भयाको दीन हुकु-
८. ममा भया हुकुम होला मं आउला भनी लेष्याको तेरो बाहाना हो
९. नआउनाको. वाहालाइ मैले बक्स्याको गादी हो. उ गादीमा मं पनि ५ प-
१०. नी राज गर्दैछु. तं क्या सुन्छेस्. श्रीसाहीला नानी फीराद गर्न गया भ-
११. नी लेष्याका अर्थ तेरो कुचाल देषी फीराद गऱ्या हुन्. उन्को पनी
१२. अर्जी आयाको छ. कालीदास वैद्यको भाइ तेरो वैद्य बीराम प-
१३. ऱ्याको छ. मेरो पत्र देषत ताहा षा जाहा चुठ्. पंध्र दिनभीत्र आ-
१४. इनस भन्या तेरा नाउमा प्रायश्चित्त मं गर्छु. पानी हटकनला-
१५. इ ता तेरो संपर्क गर्न्यालाइ पनी हटकिदीयाको छ. सो जानी
१६. चाडै आइजा. ६ साल इति मीती भाद्रवदी ११ रोज ३ मुकाम
१७. दर्बार शुभम् ———

(परराष्ट्रमन्त्रालयको १५५ सङ्ख्याको खाममा यस पत्रको नकल छ। पत्र शुरू गर्नुभन्दा अगाडि बहीमा नक्कल सऱ्यो भनी लेखिएको छ।)

(३ सङ्ख्या)

१. सं १९०६ भाद्रशुदि २ रोज २ श्री ५ बुढामहाराजाबाट श्रीसाहिला साहैबज्यूके.
२. श्रावणशुदि ७ रोज ५ का दिन लेष्याको पत्र भाद्रवदि ७ रोज ६
३. का दिन आईपुग्यो. अर्थ जाहेर भयो. मुमाबाट वजीरसिंलाई षारे-
४. ज गरि दलबहादूरऱ्यालाई कामकाज दिदा हाम्रा माल असवाबको

५. पनि बरबाद गऱ्यो. मुमासीत र भाइसित पनि मेल हुन दियेन र सो बिस्ता-
६. र श्रीप्राइम्‌मिनिष्टर राणाजीलाई लेषि पठायाको छ. उनैमार्फ-
७. त् हजूरमा जाहेर होला भंन्या बिस्तार लेष्याका अर्थ जो भयाको
८. बिस्तार लेषि पठाउन्या काम बढिया गऱ्याछौ. तिम्रा पत्रले र श्रीप्राइममि-
९. निष्टरलाई आयाका पत्रले सबै बिस्तार जाहेर भयो. हाम्रा माल अस-
१० वाबको र जियको सह्यार संभार भै इज्जत् हुर्मत् थामिन्या कुराको व्य-
११. वस्था जसो गरि हुन्या हो. ठेगाना गरी हुकुम पठाई बक्स्या जाला भनि
१२. लेष्याका कुरालाई बढिया लेष्याछौ. तिम्रा मुमाले बदकाम गऱ्याप-
१३. छि मुनासिब षर्च भै बांकि रह्याका धनदौलथमा तिमि दुइ भाईको
१४. बरोबर अंश हुंछ. मुमाको अंश लागदैन भंन्या ब्यहोराको श्री ५ नानी म-
१५. हाराजाधिराजबाट लालमोहर तिमिलाई पठाइबक्स्याकै छ. धनदौल-
१६. थमा तिमि दुई भाईको बरोबर अंस लागदछ. तिम्रा मुमाको अंश लागदैन.
१७. कसो होला भंन्या मनमा फिक्रि मांन्या काम नगर. श्री-
१८. प्राइम्‌मिनिष्टर राणाजी हाम्रा निमकहलाल् षयरषाह हाम्रा गाथ गादी-
१९. को र हाम्रा भरमुलुकको संभार गर्न्या वजीर छन्. इनले तिमिलाई पनि सं-
२०. भार गर्न्याछन्. ताहाका बडासाहेबसंग बातचित् हुंदामा श्रीप्राइम्‌मि-
२१. निष्टरका सल्लाहसित काम गऱ्यौ भन्या त्यो बदपाजी दलबहादूऱ्यासंग
२२. मिलि षानुपर्न्याछैन. जाहाका रजीडंट साहेबसंग पनि बातचित गरी ता-
२३. हाका बडासाहेबलाई पनि चिठि लेषाई पठाउन्या काम गरियाको छ. ज-
२४. स्ता जाहा श्रीमाहिला नानी छन्. उस्तै तिमि दुइ भाईलाई देष्याको छ.
२५. ताहाका धनदौलथको हिनाबिना
२६. भै बिग्रन पाउन्याछैन. सबै कुराको संभार राषीबक्सौंला.

**(परराष्ट्रमन्त्रालयको १५७ सङ्ख्याको खाममा यस पत्रको नकल छ । पत्रको शुरूमा नवकल बहिमा सऱ्यो भनी लेखिएको छ ।)**

(४ सङ्ख्या)

१. सं १९०६ साल कार्तिकवदि २ रोज ६ श्री ५ बाट श्रीमन्महाराजाधिराजकुमार
२. श्रीरणेन्द्रविक्रम साहके श्री ५ बडामहारानीबाट सदर
३. आश्विनशुदि १३ रोज १ का दिन लेष्याको पत्र कार्तिकवदि ८ रोज ३ का दिन आई-
४. पुग्यो. अर्थ जाहेर भयो. उप्रांत जाहाको हालहकिगत हाम्रा आगता दर्दको बिस्तार
५. श्रीप्राइममिनिष्टरलाई लेष्याको छ . उसै पत्रले जाहेर होला भंन्या र हजूरबाट श्रीपूर्ण-
६. चन्द्रमाले अमृतको वृष्टि गऱ्या कैं गरि हाम्रा उपर सर्व बातको मेहरवानगी र आशीर्वा-
७. दको वृष्टि निरंतर गरिबक्सनुभया हाम्रो इज्जत हुर्मत् रहन्याछ भंन्या बिस्तार
८. लेषन्या काम बढिया हो. पत्रले सबै बिस्तार जाहेर भयो. तिमिहरुको धनदौल(त)

९. पनि हिनाबिना नपरोस्. इज्जत् हुर्मत् पनि रहोस् भन्नाषातिर काजी सुबाहरु(ला)-
१०. ई बिदा गराई श्रीप्राइम्मिनिष्टरले ताहां पठायाका छन्. तिमिहरुले कस्तै मनमा रा-
११. ष्या पनि तिह्नरुको धनदौलत् इज्जत् हुर्मत् जस्ता तरहले रहंछ सो कुरा गर्नु भनि श्री-
१२. प्राइम्मिनिष्टरलाई हुकुम बक्स्याका छौं. हाम्रा वजीरबाट हुन्यैछ. ताहा जो गर्नुपर्न्या
१३. कुरा काजी सुबालाई श्रीप्राइममिनिष्टरबाट अऱ्हाइ पठायाका छन्. ताहा दलबहा-
१४. दूर थापाको सुराक लगाई पैल्याई काजी सुबालाई इसारा दि ताहाका बडासाहे-
१५. बसंग इत्तलाय गरि पक्राई आपना धनदौलतको हिनाबिना पर्न नपाउन्या हा-
१६. त लागन्या काम जस्ता तरहले हुंछ. सो कुरा गऱ्या बढीया होला. शुभम्–
(परराष्ट्रमन्त्रालयको १५६ सङ्ख्याको खाममा यस पत्रको नकल छ।)

(५ सङ्ख्या)

१. सं १९०६ साल मार्गशुदि ३ रोज ६ श्रीप्राइममिनिष्टर राणाजीबाट बनार-
२. स् श्रीबडा कांछामहारानीका हजूरमा जान्या अर्जिको मसौदा
३. कार्तिकशुदि १५ रोज ४ का दिन लेषीबक्सनुभयाको कृपापत्र
४. मार्गवदि ८ रोज ५ का दिन आइपुग्यो. अर्थ बुझी सीर चऱ्हाञा. उप्रां-
५. त ञाहाका मानिसले गर्दा छोरासंग र तिमिसंग बेत्त्यास पा-
६. रिदिया भनी मर्जी भयाका अर्थ
७. श्रीसाहीला साहेबज्यूसंग बेत्त्यास् पऱ्याको र वया का-
८. रणले हो. तांहीलाइ जाहेर होला. मेरा अर्थलाइ र तां-
९. हाबाट मेरा ज्यान्मा र रोटीको केहि गरीबक्सनुभयाको पनि छैन.
१०. मैले सुन्याको पनि छैन. तांहाबाट मेरा रोटी ज्यान्को षलल ग-
११. रिबक्स्या पनि षलल् हुन्याछैन भन्यापछि ताहा-
१२. संग मेरो कौनै कुराको पनि ब्यत्त्यास् पऱ्याको छैन. सो कुरा छैन भन्या
१३. काजि र सुबालाई २ अंस गरीदिनु भनि कीन पठायौ भन्न्या
१४. मर्जि होला. त्यो दौलथ त श्रीसाहेबज्यू २ र ताहाले षानु-
१५. होला भनि पठायाको पो हो र सबै दु-
१६. निञालाइ नाचि गाई छल्कपट गरी षान्या कस्वी हुन्छन्.
१७. कस्वीको धन् षाइ उही कस्वीलाइ राषन्या जो लोग्न्या हुन्छन्. उ-
१८. स्तालाइ धुर्त्त भन्छन्. मुगाले दलबहादुरलाइ पाल्याको ता-
१९. हालाइ बिलकुल मालुम छ. धुर्त ताहासंग पसी हा-
२०मि गोर्षालीको नाक् कटाउन लाग्यो. ताहालाइ बदना-
२१. मि उठायो. २ श्रीसाहेबज्यूको दौलथ मार्न लाग्याको दे-
२२. षदा तांहाबाट मलाइ स-
२३ बै कुराको मेहर्मान्गी गऱ्याको हुन्याले त्यो धन् २ साहे-

२४. बज्यूको २ हिस्सा हवस्. २ साहेबज्यूका अंस हीस्साबाट
२५. ताहालाइ पनि पेटपीठको व्यवस्ता बाधि इज्जत्-
२६. संग कासिक्षेत्रमा राज गर्नुहवस्. ति धुर्त्त र धुर्त्तका संगाती जो छन्.
२७. महारानी राज भयाका सहरमा नरहुन् भंन्या कुरा
२८. श्री ५ महाराजाबाट हुकुम भै मैले
२९. जाहाका बडासाहेबसंग भन्मुन् गरी बडासाहेबबाट लाठ-
३०. साहेबको पर्वाना मगाइदीया र ताहाका पेटपिठको या-
३१. द राषनु. २ साहेबज्यूलाइ जो भयाका दौलथमा २ हि-
३२. स्सा गरीदिनु. ताहाका धुर्त र धुर्तका संगातीलाइ
३३. ताहाका बडासाहेबका सल्लाहासंग
३४. ताहाका पेटपीठको बन्दबस्त गरी २ साहेबज्यूला-
३५. इ २ हीस्सा गरीदिनु. धुर्त्तलाइ निकालनु भनि काजी सुबालाइ ताहा पठा-
३६. याको हो. यो बन्दबस्तमा ताहाको चित्त बुझयाको छ भ-
३७. न्या बेसं छ. यस् बन्दबस्तमा मेरो चित्त बुझ्दैन भंन्या
३८. मर्जी हुन्छ. ३ हिस्सा पनि म पाउ. जगा जफद
३९. भयाको पनि म पाउ भंन्या मर्जि हुन्छ भन्या यस् जन्मला-
४०. इ आफुले बोल्याको जमान् थाम-
४१. नपर्न्या र इमान्दार कहलाउनुपर्न्या हामीभंदा पनि ठु-
४२. ला कंपनि सर्कारका साहेबान हुन्. पुनस्जन्मलाइ
४३. धर्म र इमान् थामन्या श्रीगंगाजी हुन्.
४४. म बेलायत् जानालाई माघ्यासंक्रांति नुहावनालाइ म
४५. पटना आइपुगन्याछु. ताहाका ढुकुटिमा २/३ जना मानीस तेस्तरफका
४६. २/३ जना मानिस् काजी सुबातरफ्-
४७. का ४/५ जना ताहाका बडासाहेबतरफ्का ति ३ त-
४८. रफ्का मानीस त्यो ढुकुटीमा पहरा राषी साचा ताहा-
४९. का बाहुलीमा
५०. लि २ साहेबज्यू काजी सुबास्मेत्लाइ लि पुस मैन्हाका
५१. ४/५ दिन बाकी छदा पटनामा पालनुहवस् र गंगाजी प-
५२. नि ताही छन्. साहेबान्हरु पनि ताही छन्. इ २ जनाला-
५३. इ ताहाका र मेरा बीचमा राषी श्रीसाहेबज्यूहरुको चित्त बु-
५४. झाइ म ३ हिस्सा पनि दिलाउला. श्रीसाहेबज्यूहरुको
५५. जफ्द भयाको जगा पनि फुकाइदिउला. २ साहेबज्यूला-
५६. इ र ताहालाइ पनि धर्म गराई २ साहेबज्यूलाई ताहाका
५७. काषमा राषीदिउला. दिलायाको धन ताहा-
५८. बाट भोग्य गर्न पाउन्या २ साहेबज्यूलाइ काषमा राषी
५९. मनोग्य गर्न पाउन्या ताहाबाट केहि बेमानि गर्न्या-

६९. को रहेछ भन्या उ कुरा नषोजीन्या श्रीगंगाजी साहेबा-
६१. न् राषी धर्मपत्र गरी २ साहेबज्यू र ताहाले कडरव-
६२. नामा राज गर्नुपर्ला. म ता कडरवना पनि बस्दीन. ३
६३. अंस पनि लिन्न. जफद भया-
६४. का जगाको पनि इच्छ्या छैन. २ छोरालाइ सुमर्न पनि
६५. मन् छैन. तिम्रो गंगाजी साहेबान्को पनी प्रतित् छैन भंन्या म-
६६. जि भया जो काजि सुबाहरुले बन्दबस्त गर्न लाग्या-
६७. को छ. बन्दबस्त बेस् छ. तेही बन्दबस्त्मा लागीबक्सनुहवस्.
६८. त्यो बन्दबस्तमा नलागीबक्स्या ताहाका इज्जतमा षल-
६९. ल होला. आपना मुलुक्को पनि माया छ. दौ-
७०. लथ २ छोरा सुमरन पनि इच्छ्या छ. श्रीगंगाजी साहेबा-
७१. न् तिम्रो प्रनि प्रतित् छ भन्या पुसका ४।५ दिन बा-
७२. कि छदा पटनामा पालनुहवस् र ताहा र म ब-
७३. सि बन्दबस्त गरौला. यो येती कुरा गर्नलाइ मलाइ
७४. केही कुराको पनि जरुरात थीयेन.
७५. यो मेरो हस्मत् येति गरायाको ताहाबाट हुनाले
७६. ताहाको बनोस् भनि मैले येति गर्‍याको
६६. रहेछ भन्या श्रीवीश्वेश्वरनाथले मेरो भलो गर्नन्. इ
७८. रानीलाई धोका दीउ भनि मैले येति गर्‍याको रहेछ भ-

(छेउमा)

१. न्या श्रीविश्वे-
२. स्वरनाथ-
३. ले कुभलो ग-
४. रुन्. बहुत
५. क्या लेषौं. स-
६. बै तरहले आ-
७. फु प्रवीण हुनु-
८. हुंछ.

(परराष्ट्रमन्त्रालयको १६९ सङ्ख्याको खाममा यस पत्रको नकल छ।)

( ६ सङ्ख्या )

१. सम्वत् १९०७ साल मार्गशुदि १० रोज ७ का दिन बनारसमा डाकमार्फत् रवाना भया-
२. का श्री ५ बुढामहाराजका बाहुलीका अक्षरको नक्कल्.

३. श्री ६ गुरुराज पंडित विजयराज पंडितका पाउमा प्रणाम्. आगे यस्
४. पाला तपाञी काशी जानुहुं दामा काशी पुगनुभैकन जैसिकी बैन्ही ग-
५. गर्नासिंग्या षवास्यासंग कुन् साल्का कुन् महिनाका कुन् दिन्मा बिग्र्या-
६. की रहीछ. दलबहादूर्‍या थापासंग कुन् दिन् कुन् महिना कुन् सालमा बिग्र्या-
७. कि रहीछ. जस्ताको तस्तो ठहराउनुभै जैसिकी बैन्हीको र दलबहादूर्‍या
८. थापाको कायेलनामा लेषाई सही हलाई दुवै कायल्नामा लेषाइ लिकन
९. आउनुहोला र म प्रायश्चित्त गरिबक्सुला. सम्वत् १९०७ साके १७२२ मी-
१०. ति मार्गशुदि ३ रोज ६ मुकाम नेपाल शुभम्

(परराष्ट्रमन्त्रालयको १५८ सङ्ख्याको खाममा यस पत्रको नकल छ।)

# श्री ३ जङ्गबहादुरले कप्तान महारुद्र खत्रीलाई लेखेको अप्रकाशित पत्र

–दिनेशराज पन्त

१. स्वस्ति श्रीमद्राजकुमारकुमारात्मजश्रीप्राइम्-
२. मिनिष्टर यान कम्यांडरइन्चिफजनरलजङ्ग-
३. बहादुरकुवरराणाजिकस्य पत्रम् – – –
४. आगे कपतान महारुद्र षत्रीके जेथोचित्. उ-
५. प्रांत बनारसबाट कपतान दलबहादुर था-
६. पाले घोडा पठाइदियाको छ. तिम्रा सिपा-
७. हि २ सिवानासम्म घोडा लिन पठाइदि-
८. न्या काम गर. उहाबाट आयाका मानिस्-
९. मा चिरुवादार १ दानासिधाको काम ग-
१०. र्न्या १ पर्वत्या मानिस्मा १[1] मात्र ल्याउनु.
११. अरु फिराइदिनु. बिसौलीया[2] देषि ञां-
१२. हाबाट आयाका सिपाहि चिरुवादारका साथ लाई
१३. पठाइदिनु. जाहाबाट पठायाका चिरुवादार बुर्धासिलाइ र पाहार्डासि १ सिपाही पाहीलाइ बिसौलीयासम्म पठाइ

१. यति भाग पछि काटिएको छ।
२. पहिले लेखिएको चिसापानि काटी बिसौलीया लेखिएको छ।

घोडा ल्याउन लाउन्या काम गर्नु.[३] औ मधेसतरफबाट आऊन्या
१४. मानिस्हरुमा माहारोगि बेरामिलाई
१५. आउन नदिनु. जाहाबाट पठाइदिनु भन्या-
१६. का साबुद मानिस्लाई मात्र छाडिदिनु.
१७. इति सम्वत् १९०७ साल मिति फागुनव-
१८. दि २ रोज ३ शुभम्————

(परराष्ट्रमन्त्रालयको १५३ सङख्याको खाममा यस पत्रको नकल छ ।)

# सन्तान्नब्बेसालपर्वमा परेका मानिसको अप्रकाशित लगत

– दिनेशराज पन्त

श्री १.

| | | | | |
|---|---|---|---|---|
| १. | ज्यान ४ | | | |
| २. सुकराज जोसि बांगेमुढा | १ | धर्मभक्त श्रेष्ट वंबाहाल | १ | |
| ३. दसरथचं बैतडी वासकोट | १ | गङ्गालाल श्रेष्ट प्याफल | १ | |
| ४. | मुडिने २ | | | |
| ५. टङ्कप्रसाद उपाध्या सिफले | १ | रामहरि उपाध्या ग्यानेश्वर | १ | |
| ६. | जन्मकैद अम्ससर्वश्व १२ | | | |
| ७. गोविन्दप्रसाद उपाध्या डिल्लीबजार | १ | चुडाप्रसाद पाध्या बागबजार | १ | |
| ८. मुकुन्दनाथ उपाध्या ऐ | १ | बलबाहादुर पाडे हाडिगाऊ | १ | |
| ९. पुष्करनाथ उप्रेति ऐ | १ | कम्पाऊन्डर चन्द्रमान सैंजु छत्रपाटि | १ | जन्मै सर्वश्व |
| १०. गणेसमान श्रेष्ट यटखा | १ | हरिकृष्ण श्रेष्ट क्रोछे | १ | |
| ११. फत्तेबहादुर श्रेष्ट बांगेमुढा | १ | चिनीजांलाल श्रेष्ट बांगेमुढा | १ | |
| १२. सु. पुननारायण | १ | पण्डित मुरलि पाध्या कालिमाटी | १ | सर्वश्व नगर्नें |
| १३. | कैद २० | | | |
| १४. जिवराज पाध्या इयानेश्वर वर्ष | १८ | ध्रुवजि उपाध्या चाबेल वर्ष | १२ | |
| १५. फणिन्द्रराज हमाल चाहबेल वर्ष | ६ | पूर्णबहादुर एम. ए. श्रेष्ट किलागल ऐ | ६ | |
| १६. ज्योतिप्रसाद पाध्या पोखलड्यां ऐ | ३ | खगेश्वर पाध्या गुल्मी मुसिकोट् मैन्हा | २ | |

३. यति भाग चिनो लाई छेउमा थपिएको छ ।

| | | | | |
|---|---|---|---|---|
| १७. मु. गणेसराज श्रेष्ट ठमेल ऐ | १२ | ले. रामदास खत्र् नक्साल वर्ष | १२ | अम्ससर्वश्व |
| १८. ड्रा. कटकबाहादुर नकर्मी ठहिठि ऐ | १२ | ड्रा. मरिचमान नर्कमि वर्ष | १२ | |
| १९. ख. भूपालसिं प्रधान ठमेल ऐ | ३ | नुतनराज पाध्या चंडोल वर्ष | ३ | |
| २०. अवंतिनाथ पाध्या चागु वर्ष | ३ | रामजि जोसी बांगेमुढा चालचलं बुझ्ने | | |
| २१. चन्द्रमान मास्के कालिमाटि अंससर्वश्व ऐ | १८ | सिद्धिचरण श्रेष्ट पुराना दफदर वर्ष | १२ | अम्ससर्वश्व |
| २२. धर्मरत्न उदास असं ऐ ऐ | १८ | केदारमान श्रेष्ट असं ऐ ऐ | १८ ऐ | |
| २३. चित्तधर तुलाधर नरदेबि वर्ष | ६ | राजालाल कलवार भोटाहिटि वर्ष | ५ | सर्वश्व |
| २४. | हद हुने ४ | | | |
| २५. केसवराज कार्कि कमलपोखरी | १ | चित्रबहादुर खत्र् कमलपोखरी | १ | |
| २६. परिक्षीतनरसिं राणा ठमेल | १ | डिठा कुलदिपदेव पाठक ऐ गोरेल | १ | |
| २७. | अैलसम्म थुनियको मुनासिब | | | |
| २८. जोगविरसिं तुलाधर जुद्धसडक | १ | धर्मविरसिं तुलाधर केलटोल | १ | पेस्कि आधी लिने |
| २९. | डण्ड जरिवाना ७ | | | |
| ३०. महेन्द्रविक्रम् साह ज्ञानेश्वर रु | ५०० | पुर्णबाहादुर श्रेष्ट नरदेवी रु | ५० | |
| ३१. आनंदराम श्रेष्ट यटखा रु | ५० | पण्डित कविप्रसाद गौतं जुद्धसडक रु | ५० | |
| ३२. कनकबाहादुर श्रेष्ट प्यूखा | १० | गोविन्दबाहादुर मल्ल पोखलड्यां | ५ | |
| ३३. भक्तबहादुर महरजं भोटाहिटी ऐ | १० | | | |
| ३४. माहाविर स्कुल्का माष्टरहरु मोरु | १० का दर्ले जरीवाना १३ | | | |
| ३५. अजबबाहादुर श्रेष्ट किलागल | १ | ईन्द्रप्रसाद श्रेष्ट किलागल | १ | |
| ३६. ईन्द्रमान गुभाजु मखन | १ | प्रतापबाहादुर राजभंडारी नघल | १ | |
| ३७. सत्तेबाहादुर श्रेष्ठ यटखा | १ | चन्द्रबहादुर प्रधान मरुहिटी | १ | |
| ३८. कृष्णनारां श्रेष्ट कुस्लेचौर | १ | टंकविलास बज्राचार्जे मखं | १ | |
| ३९. सुरेन्द्रराज श्रेष्ट मखं | १ | अमृतानंद बज्राचार्जे व्होछे | १ | |
| ४०. कृष्णप्रसाद मानंधर किलागल | १ | चन्द्रप्रसाद श्रेष्ट मरुहिटी | १ | |
| ४१. हरीभक्त श्रेष्ट क्षेत्रेपाटि | १ | | | |
| ४२. रामचन्द्र ईस्कुलका माष्टर रु १० का दर्ले जरीवाना | | | | |
| ४३. टेकनारायण श्रेष्ट नरदेवि | १ | रामकृष्ण श्रेष्ट वंबाहाल | १ | |
| ४४. कृष्णप्रसाद पाध्या कुन्छाल | १ | तुलसिबाहादुर साकेभिक्षु कोहिटी | १ | |
| ४५. जगंनाथप्रसाद लामिछाने टाहाचल | १ | सुप्रर्जेसाद गोर्खाली टोकंबाहाल | १ | |
| ४६. जगतरत्न तुलाधर यटखा | १ | येंबाहादुर कार्कि कुमालटोल | १ | |
| ४७. नररत्न रंजीत्कार मंजेश्वरी | १ | चिनीजामान रंजित्कार जैसीदेवल | १ | |
| ४८. पूर्णप्रसाद श्रेष्ट जैसिदेवल | १ | बलबाहादुर श्रेष्ट चिकंमुगल | १ | |
| ४९. वभरसियर चन्द्रमान जोसी बालकुमारी | १ | बद्रिनारायण जोसि ऐ | १ | |
| ५०. | बात नलाग्ने | | | |
| ५१. सुर्जेलक्ष्मि श्रेष्टेनि सिराहा | १ | तिलकुमारी उपाध्यानी गोदावरी | १ | |
| ५२. विरबाहादुर पाडे पकनाजोल | १ | चन्द्रानन्द वैद असं कमलाछी | १ | |

| | | | |
|---|---|---|---|
| ५३. बलबाहादुर श्रेष्ट चिकंमुगल | १ | सुन्दरमान श्रेष्ट असं | १ |
| ५४. डा. स्यामबाहादुर श्रेष्ट यटखा | १ | ख भक्तलाल श्रेष्ट प्याफल | १ |
| ५५. ले. सुर्जेबाहादुर बस्नेत ठमेल | १ | सनकमान श्रेष्ट खिल्ह | १ |
| ५६. पण्डित दुर्गाप्रसाद पाध्या डिल्लीबजार | १ | संपादक प्रेमराज पाध्या येंगाल | १ |
| ५७. केसव हलवाञी डिल्लीबजार | १ | ख जगतमान वैद्य सोठ पाटं | १ |
| ५८. सत्यनारायण कलवार भोटाहिटी | १ | कैलासराम श्रेष्ट भोटाहिटी असं | १ |
| ५९. सुर्जेभक्त जोसि ठहीटि | १ | ख. तिर्थराज सुवाल क्वोछे | १ |
| ६०. स्यांकाजी श्रेष्ट खिल्हटोल | १ | व्कंकबाहादुर श्रेष्ट असं कमलाछी | १ |
| ६१. जितेन्द्रराज श्रेष्ट खिल्ह | १ | नारायणबाहादुर लवट न्ह्योखा | १ |
| ६२. टेकबाहादुर मल्ल बुटौल पकलिहवा | १ | दमनराज तुलाधर नरदेवी | १ |
| ६३. रघुनाथ पाध्या कालिमाटी | १ | अखंडप्रसाद प्रधान भोटाहीटी | १ |
| ६४. विष्णुप्रसाद पाध्या केलटोल | १ | साहु महन्तलाल श्रेष्ट भोटाहिटी | १ |
| ६५. ख. पुरुषोत्तमप्रसाद श्रेष्ट माहाबौध | १ | सुर्जेबाहादुर श्रेष्ट नरदेवी | १ |
| ६६. सुरेन्द्रबाहादुर मल्ल नेवार पोखल्ड्चां | १ | वैकुंठलाल जोसी प्यूखा | १ |
| ६७. भरतजं बस्नेत ठबहिल | १ | डा. जितसिंह मल्ल नेवार जुद्धसडक | १ |
| ६८. साधुमान भिक्ष्याचार्जे ल. पु. सोथ | १ | दिव्यरत्न कंसाकार केलटोल | १ |
| ६९. भिंराज श्रेष्ट थाटं व्कटापोल | १ | रत्नविरसिं ऐ ऐ | १ |
| ७०. चन्द्रजिवरत्न कंसाकार केलटोल | १ | कुलरत्न कंसाकार कमलाछी | १ |
| ७१. ख. पुष्पलाल प्रधां ठवहील | १ | डि. मेहरमान श्रेष्ट दोलखा | १ |
| ७२. बलभद्र जोसी वट्टोल | १ | | |
| ७३. बुद्धिप्रसाद | १ | आनन्ददास | १ |
| ७४. भिंबाहादुर | १ | नित्यनारायण | १ |
| ७५. चन्द्रप्रसाद | १ | रामप्रसाद | १ |
| ७६. नन्दरत्न | १ | गोरखबाहादुर | १ |
| ७७. गणेसबाहादुर | १ | रांगोपाल | १ |
| ७८. नजरमान | १ | सुर्जेबाहादुर | १ |
| ७९. रिषीगोपाल | १ | पुरनदास | १ |

(यो लगत परराष्ट्रमन्त्रालयको ई. नं ६ पो. नं. १ मा छ।)

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४९

कार्यालय-

संशोधन-मण्डल

वटु सवलबहाल

ग-१-५३०

काठमाडौं ३

नेपाल

फोन नं. २-२०४९२

## वि. सं. २०४३ आश्विन

वार्षिक [चार अङ्कको] मूल्य रु. ६०।-

यस अङ्कको मूल्य रु. १८।-

मुद्रक-

लुष प्रेस

ख १, ३७३ काठमाडौं-१